वर्ष : १६, अंक : २३, काठमाडौं, २०७७ असोज २ गते शुक्रबार, 18 September 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## रेशमलाल चौधरीलाई रिहा गर्न माग

काठमाडौं । जेल जीवन बिताइरहेका प्रतिनिधिसभा सदस्य रेशमलाल चौधरीलाई यथाशीघ्र रिहा गर्न जनता समाजवादी पार्टी नेपालले माग गरेको छ । जसपाका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवले आइतबार एक विज्ञप्ति जारी गरी सांसद चौधरीलाई रिहा गर्न माग गरेका छन् । जसपाले सांसद चौधरी लगायतका नेता कार्यकर्ताहरु माथि सरकारद्वारा लगाइएका खारेजीको मागसमेत गरेका छन् । मधेश/थरुहट आन्दोलनमा सहभागी भएका केही नेता तथा कार्यकर्ताहरुमाथि सरकारद्वारा मुद्दा चलाउने, धन सम्पत्ति रोक्का गर्ने, थुनामा राख्ने कार्य अझैसम्म पनि जारी रहेको जसपा अध्यक्षद्वय ठाकुर र यादवले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

## राज्यको सम्पत्ति अतिक्रमण गर्न पाउँदैन : मुख्यमन्त्री

सिरहा । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले विभिन्न व्यक्ति तथा संस्थाले अतिक्रमण गरेको वनको जग्गा चाँडै फिर्ता हुने बताएका छन् । सिरहाको चोहर्वामा वनको जग्गा अतिक्रमण गरेको भन्दै आन्दोलनरत समूहलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले राज्यको सम्पति कसैले पनि अतिक्रमण गर्न नपाउने र प्रदेश सरकार गर्न पनि नदिने बताए । विगतमा विभिन्न जालझेल गरि अतिक्रमण गरिएको जग्गा तत्काल अतिक्रमण मुक्त हुने आश्वासन समेत उनले दिए । अतिक्रमित जग्गा फिर्ता हुनु पर्ने मागसहित आन्दोलन जारी रहेको अवस्थामा सिरहाको चोहर्वा पुगेका मुख्यमन्त्री राउतले सरोकारवाला निकायहरु प्रमुख जिल्ला अधिकारी, वनअधिकृत, मालपोतका प्रमुख, सुरक्षा प्रमुखहरुसँग जग्गाको अवस्था फिर्ता प्रक्रियाबारे छलफल गरेका हुन् ।

## मधेशी दलको द्वैध चरित्र

# संविधानलाई कालो भनेर कहिलेसम्म भजाइरहने ?

**मधेशवाणी डेस्क**

काठमाडौं । देशको नयाँ संविधान अर्थात् संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान २०७२ जारी भएको पनि पाँच वर्ष पुरा भएको छ । प्रत्येक वर्ष असोज ३ गतेलाई संविधान दिवस मनाउने प्रचलनसँगै यसपटक पनि संघीय राजधानी, प्रदेश राजधानी, जिल्ला सदरमुकाम र स्थानीय तहहरूमा विभिन्न कार्यक्रमहरूको आयोजना गरिदै छ । मधेशी दलले यस पटक पनि विगत झैं संविधान दिवसलाई कालो दिवसकै रुपमा स्मरण गर्दै छन् ।

संविधानले मधेशको मागलाई सम्बोधन गर्न नसकेको भन्दै मधेशी दल तथा मधेशी नागरिक समाजले असोज ३ लाई कालो दिवसको रूपमा मनाउँदै आएका छन् । संविधान जारी भएयता कार्यान्वयनका लागि बनेका सरकारहरूले संशोधनलाई उपेक्षा गर्दै आएको देखिन्छ ।

संविधानको विरोध गर्ने राजनीतिक दल जनता समाजवादी पार्टी प्रदेश २ को नेतृत्व गरिरहेको छ । तर उक्त दलले आफ्ना ठाउँबाट संविधान संशोधनको माग उठाइरहेका छन् । यी दलले उठाएको संविधान संशोधनको मागलाई वर्तमान सरकारले अहिलेसम्म सकारात्मक रूपमा लिएको छैन ।

गत वर्ष संविधान दिवसकै प्रधानमन्त्री ओलीले भनेका थिए-संविधान त्यस्तो असंशोधनीय धर्मग्रन्थ वा पाठ गरेर बसिने स्तुति श्लोक होइन, यो गतिशील दस्तावेज हो, यो लोक सपार्ने मार्गदर्शक हो । यसलाई संशोधन गर्ने पक्षमा बहस गर्न हामी तयार छौं ।' अथर्तत् यो संविधान अपूरो रहेको ओलीले पनि स्वीकार गरिरहेका छन् । तर त्यसका लागि उनले अहिलेसम्म पहल गरेका छैनन् ।

निर्वाचनअघि संविधान संशोधनको लागि मधेशी जनताको रगत बनाउन लगाएका तात्कालीन संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव वर्तमान सरकारमा उपप्रधानमन्त्री पनि बने । संविान संशोधनका लागि भन्दै सरकारमा गए पछि उनको आलोचना पनि भयो तर जब सरकारबाट संशोधनको गुन्जाइस नदेखे पछि उनी बाहिरिए ।

गत वर्ष जस समाजवादी पार्टी र राजपा अलगै थियो । समाजवादीले औपचारिक रूपमा कालो दिवस मनाएन किनभने उपेन्द्र यादव सत्तामा थिए तर राजपाले कालो दिवसकै रुपमा मनाए । यस पटक दुवै दल एकीकृत भएका कारण यस वर्ष संयुक्त रुपमै कालो दिवसकै रुपमा मनाउने छन् ।

सरकारमा सामेल हुनुभन्दा अघि समाजवादीले संविधान दिवसका दिन कालो दिवस मनाउँथ्यो, तर सरकारमा गइसकेपछि कालो दिवस पनि नमनाउने र दिवसका कार्यक्रमहरूमा सहभागिता पनि नजनाउने तटस्थता देखायो । मधेशी दलहरूको मुख्य माग संविधान संशोधन गर्नुपर्ने रहेको छ तर सरकारले पूरा नगरेको भन्ने आधारमा नै संविधान दिवसको विरोध गर्दै आएको छ । उनीहरुले संसदमा पनि यही विषयलाई उठान गर्दै आएका छन् । मधेशी जनताको अधिकार संविधानमा सुनिश्चित नगरिएसम्म असोज ३ लाई कालो दिवसकै रुपमा मनाइरहने भनाइ मधेशी नेताहरूको रहेकोले त्यसलाई सरकारले सम्बोधन गर्न सक्ने ठाउँहरू के-के र कहाँ-कहाँ छन् भनेर खोजी गर्नु आवश्यक छ । अन्यथा नेपालबाट बाहिरिने सन्देशहरू सकारात्मक बन्न सक्ने अवस्था निर्माण हुन सक्दैन । त्यसो हुनु भनेको नेपालको बारेमा विदेशीहरूले बनाउने धारणा नकारात्मकतातर्फ उन्मुख हुनु हो ।



संसदमा प्रतिनिधित्व गरिरहेका मधेशी नेताहरूको एउटा मात्र अप्ठेरो के हुन सक्छ भने निर्वाचनका बेला सार्वजनिक गरिएका घोषणापत्रका बुँदाहरूअनुसार काम गर्न नसकिएमा भोलि तिनै जनताका घरदैलोमा जाँदा आफ्ना बाचाहरू किन पूरा नगरेको भनेर प्रश्न गर्दा के जवाफ दिने ? भन्ने नै हुन सक्छ ।

त्यसकारण उनीहरूलाई सहज बनाइदिन केही गर्न सकिने ठाउँहरू छन् भने प्रधानमन्त्रीले भने अनुसारका उपायहरू पनि खोजी गर्न सक्नुपर्दछ । यदि कुनै कुरामा विभेद छ भने किटानीका साथ त्यसको निराकरणका लागि आवाज उठाउन नसकिने होइन तर यहाँ त सधैं अस्थिरता मात्र चाहने तत्वहरूलाई सहयोग पुग्ने गरी व्यवहार गर्ने हो भने राज्य कमजोर हुन्छ, राज्य कमजोर हुनु भनेको यहाँका पक्ष प्रतिपक्ष सबै नै कमजोर हुन्छन्, लोकतन्त्र कमजोर हुनु हो र समग्रमा नागरिकहरूको एकता कमजोर हुनु हो ।

भ्रम नहोस्, तात्कालीन समाजवादी फोरम झैं लुरुलुरु राजपा नेपाल पनि असोज ३ को संविधानलाई स्वीकार गरि निर्वाचनमा सहभागी भएकै हो । तात्कालीन मधेशी दलहरुले निर्वाचन स्वीकार गऱ्यो र अब राजनीतिक समस्या समाधान भयो भन्ने भ्रमबाट जतिसक्दो चाडो मुक्त भइ मधेश तथा पहाडका जनजाति र देशको हितमा संविधान संसोधन गरि सर्व स्वीकार्य बनाउनु नै सर्व हिताय हुनेछ ।

तात्कालीन राजपा र समाजवादी पार्टीले संविधान संशोधनको मुद्दा निरन्तर उठाइरहेका छन् । संविधान निर्माणका क्रममा चलेको आन्दोलनको ६ महिना अवधिमा प्रहरीसहित ९१ जनाको ज्यान गएको थियो । २ हजारभन्दा धेरै घाइते भएका थिए । आन्दोलनमा ४९ जना घाइते भए भने ५ सयभन्दा धेरैलाई मुद्दा लगाइएको

*बाँकी अन्तिम पृष्ठमा*

## भारतबाट दुई सेट रेल नेपाल आउँदै

जनकपुरधाम । जनकपुर-जयनगर रुटमा चल्ने रेल भारतबाट दुई वटा रेल शुक्रवार जनकपुरधाम आइपुग्ने भएका छन् । रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक गुरु भट्टराईले जनकपुर-जयनगर चल्ने रेल शुक्रवा मध्याह्नसम्म जनकपुरधाम स्टेसनमा आइपुग्ने जानकारी दिए ।

धनुषाको कुर्थादेखि भारतको जयनगरसम्म सञ्चालनका लागि ल्याउन लागिएको रेल सेट सरकारले भारतीय सरकारी कम्पनी कोनकान कम्पनीमार्फत ल्याउन लागेको हो ।

उनका अनुसार रेललाई स्वागत गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको टोली र रेल विभागको टोली जनकपुरधाममा छन् । कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि सीमा नाका सिल गरिएका कारण तयार भइसकेको रेल भारतको पटनास्थित हाजीपुर स्टेसनमा ल्याएर राखिएको थियो । तर रेल्वे विभागले केही दिन अगाडि भारतीय कम्पनीलाई रेल पठाउन पत्राचार गरेपछि शुक्रवार आउन लागेको हो । रेलको परीक्षणपछि मात्रै औपचारिक रुपमा रेल्वे विभागले बुझ्नेछ । रेल आइपुग्ने पक्का भएपनि सञ्चालन मिति निश्चित भइसकेको छैन ।

रेल आएपछि छिट्टै संचालन गर्ने तयारी भइरहेको छ । रेल्वे विभागले तीन दिन अगाडि मात्रै १ सय २९ कर्मचारी राख्न दरखास्त माग गरिसकेको छ । कर्मचारीका लागि फारम भर्ने अन्तिम मिति असोज १२ सम्म तोकिएको छ । कर्मचारी भर्नालगत्तै असोजभित्रै रेल्वे संचालन गरिने बताइएको छ ।

भारतको जयनगरबाट धनुषाको कुर्थासम्म ३५ किलोमिटर लम्बाइको यो रेलमार्गका अरु भौतिक पूर्वाधार निर्माण भइसकेको छ । यस क्षेत्रमा रेल लाइन तथा रेल्वे स्टेशन तयार भइसकेको छ । यसमा कुर्थाबाट विजलपुरा खण्ड १७ किलोमिटरसमेत गरेर ५२ किलोमिटरमा रेल चलाउने तयारी छ ।







## नयाँ पाठ्यक्रममा शहीद दुर्गानन्द झाबारे त्रुटिपूर्ण विवरण

काठमाडौं । आउँदो शैक्षिक सत्रका लागि कक्षा ११ को नेपाली विषयको नयाँ पाठ्यक्रममा प्रजातान्त्रिक योद्धा शहीद दुर्गानन्द झाको बारेमा त्रुटि नै त्रुटि प्रकाशित गरिएको छ ।

नेपाल सरकारको शिक्षा मन्त्रालय मातहतका पाठ्यक्रम विकास केन्द्रले शहीद दुर्गानन्द झाको बारे प्रकाशित गरेको विवरण भ्रामक र बिना गृहकार्य हचुवाको भरमा तयार गरिएको देखिन्छ । शिक्षा मन्त्रालयसँग राष्ट्रिय शहीदको तथ्यगत विवरण नरहेको प्रष्ट देखिन्छ ।

**'तराईमूलका सहिद'**

कक्षा ११ को नेपाली विषयको नयाँ पाठ्यक्रममा शहीद दुर्गानन्द झालाई 'तराई मूलका शहीद' भनेर उल्लेख गरेको छ । यो अति नै आपतिजनक रहेको आफन्तजनको गुनासो छ ।

वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले नै शहीद दुर्गानन्द झालाई राष्ट्रिय शहीद भनी घोषणा गरेका थिए । तर सरकारकै सम्बन्धित मन्त्रालय मातहतका निकायले यस्तो त्रुटि गर्नु हचुवाको भरमा पाठ्यक्रममा समावेश गरिएको ठहर्छ ।

शहीद दुर्गानन्द झा प्रजातान्त्रिक व्यवस्थाका लागि आफ्नो सहादत दिएका थिए । उनले तराई, पहाड वा हिमालमा मात्र वा भूगोल विशेषका लागि प्रजातन्त्र होस् भनेर सहादत दिएका थिएनन् । उनी राष्ट्रिय विभूति हुन् भनेर सरकारले नै घोषणा गरिसकेको छ ।



**आमा 'देविका' झा**

यस्तै, पाठ्यक्रममा शहीद दुर्गानन्द झाका आमाको नाम 'देविका' झा भनिएको छ । जबकि उनको आमाको नाम शुकुमारी देवी रहेको उनका भतिजा जितेन्द्र ठाकुर बताउँछन् ।

ठाकुरले मधेशवाणीलाई भने, 'नयाँ पाठ्यक्रममा उहाँ (दुर्गानन्द झा)को बारेमा प्रकाशित भएको भन्ने कुरा सुनेर हर्षित भएको तर, उहाँका बारेमा दिइएको विवरण हेर्दा अति नै दु:ख लाग्यो ।'

**जन्मस्थान सिरहा जिल्लाको जटही ?**

यसैगरी, कक्षा ११ को नेपाली विषयको नयाँ पाठ्यक्रममा शहीद दुर्गानन्द झाको जन्मस्थानमा ठूलो गल्तीसहित विवरण प्रकाशित भएको छ ।

नयाँ पाठ्यक्रममा शहीद दुर्गानन्द झाको जन्मस्थान सिरहा जिल्लाको जटही भनिएको छ । जबकि उहाँको जन्मस्थान धनुषा जिल्लाको जटही रहेको छ ।

यस्ता भ्रमपूर्ण र त्रुटिपूर्ण पाठ्यक्रम विद्यार्थीलाई पढाउँदा कस्तो ज्ञान हासिल गर्छ भन्ने सहजै अनुमान गर्न सकिन्छ । इतिहासलाई नै भ्रमपूर्ण बनाउने दुस्प्रयास कसरी भयो भन्ने कुराको छानबिन हुनु आवश्यक छ ।

यो नयाँ पाठ्यक्रममा रहेका यस्ता त्रुटिहरुलाई नसच्याइए आगामी पुस्ताले आफ्नो इतिहासबारे अन्योलमा पर्छन् । शहीद दुर्गानन्द झाका भतिजा जितेन्द्र ठाकुरले त्रुटिपूर्ण विवरणलाई सच्याई पुन: प्रकाशनका लागि सम्बन्धित निकायलाई आग्रह गरेका छन् ।

पाठ्यक्रममा सिर्जना र परियोजना शीर्षकको १ नम्बरमा भनिएको छ, 'दिइएको तस्वीर हेर्नुहोस् र तिनका वरिपरिका पदावलीका आधारमा जीवनी लेख्नुहोस्' ।

यस्तो त्रुटिपूर्ण विवरणको आधारमा कक्षा ११ का विद्यार्थीले कस्तो जीवनी लेख्लान त ? र त्यो कतिको तथ्यपूर्ण हुन्छ भन्ने प्रश्न पनि खडा भएको छ ।

## सम्पादकीय

# संविधान दिवस र मधेश

२०७२ असोज ३ गते जारी भएर लागू भएको विद्यमान संविधान नेपालको पहिलो संविधान होइन। यस अघि पनि नेपालमा ६ वटा संविधान लागू भए, जनताले समयक्रम सँगै ती ६ वटा संविधानलाई रद्दीको टोकरीमा फाले। २०४६ सालको संविधान आम जनताले फाल्दै गर्दा जनताले आफ्नो भाग्यको रेखा आफैं कोर्न ठुलो आशा, अपेक्षा, भरोसाका बीच सडकमा जुरुक्क उठेर परिवर्तन ल्याएका हुन्।

अहिलेका कतिपय नेतृत्व २०४६ सालको संविधानलाई पनि विश्वकै सर्वोत्कृष्ट संविधान भएको फकाल्दै त्यति बेला पनि नहिँडेका होइनन्, तर जनताले यस अघिका ६ वटा संविधान किन खारेज गरे। त्यता तर्फ हाम्रो राजनीतिक नेतृत्व कहिले पनि गम्भीर भएन।

विगतमा ६ वटा संविधान जुन कारणले हामीले खारेज भयो, कतै सोही दिसा तर्फ फेरि पनि मुलुक अगाडि त बढि रहेको छैन ? त्यता तर्फ कसेको ध्यान पुगेको देखिदैंन। संविधान जारी भएको लगभग पाँच वर्षको समयमा संविधानको विश्वनियतालाई कति स्थापित गर्न सकेका छन्। संविधानका धारा उपधाराले जनताको मनोकांक्षालाई कति समाहित गराउन सफल भई रहेको छ। यो विषयवस्तुहरूमा बहस केन्द्रित हुन सकी रहेको छैन।

मधेशी, आदिवासी, जनजाति, थारू, महिला, मुस्लिम, अल्पसंख्यक, पिछडिएका वर्गले विद्यमान संविधानलाई "चाँदीको घेरा भित्र कालो दाग" को रुपमा किन बुझ्े भने विषयलाई राज्य सञ्चालकले गहनता पूर्वक लिन छाडेका छन्। जुन सबैभन्दा दुर्भाग्यको कुरा हो।

देशमा संविधान जारी गरेको दिनलाई बल प्रयोग गरेर वा उर्दी जारी गरेर हर्षउल्लास पर्वको रुपमा मनाउन सम्भव छ ? के एक दिन भव्यताका

**वास्तविक रुपमा यो संविधानप्रति मुलुकको बहुसंख्यक समुदायको ठूलो गुनासो रहेको छ। मधेशीहरू अहिले पनि आफूलाई यो संविधानमा ठगिएको महसुस गरेका छन्। संविधान जारी भइरहेको बेलामा मधेशका जिल्लामा प्रहरीले चलाएको गोली लागेर दर्जनौंले सहादत प्राप्त गरेका थिए।**

साथ उत्सव मनाएर संविधानको धारा उपधाराको औचित्य पुष्टि गर्न सम्भव छ ? किन उक्त दिन कतै 'उत्साह र हर्षोल्लास' त कतै 'कालो दिन' ? कतै 'दिपावली' त कतै 'मातम' ? कतै 'खुसियाली' त कतै 'रोदन' ? संविधान जारी गर्दा वीरगञ्जमा सुरक्षा निकायको गोलीबाट सहादत भएका परिवारले असोज ३ सम्झिँदा कस्तो मनोभाव उत्पन्न होला ? त्यो कहालीलाग्दो दिनलाई कसरी सम्झेका होलान् ? किन मधेशी युवा प्रहरीको गोली खान तयार भए ? कहिले राज्य उनीहरूको सहादतको अन्त्यलाई केलाउने प्रयास गऱ्यो ?

वास्तविक रुपमा यो संविधान प्रति मुलुकको बहुसंख्यक समुदायको ठुलो गुनासो रहेको छ। मधेशीहरू अहिले पनि आफूलाई यो संविधानमा ठगिएको महसुस गरेका छन्। संविधान जारी भइरहेको बेलामा मधेशका जिल्लामा प्रहरीले चलाएको गोली लागेर दर्जनौंले सहादत प्राप्त गरेका थिए। मधेशी सहिदको रगतको कात्रोमा बेरिएको संविधानलाई दोष मुक्त गर्न जरुरी छ कि छैन ? आवश्यकताको आधारमा संशोधन गर्ने विषय बारम्बार राजनीतिक वृतमा नउठेको होइन तर त्यो आवश्यकताको महसुस अहिलेसम्म भएको छैन ।

मधेशी समुदायको राष्ट्र, राष्ट्रियता र भावना माथि बारम्बार प्रहार हुदैं आएको छ। मधेश आन्दोलनको रापतापबाट उदाएका मधेश केन्द्रित दलका नेताहरू पछिलो समय मधेशको 'मुद्दा'लाई छाडेर 'एजेन्ट' बनेका छन्। अहिले मधेशी नेताहरूलाई राष्ट्रिय पार्टी बन्ने भुत सवार भएको छ। त्यसका लागि मुद्दा लाई मात्र होइन, अरु जे जे त्याग गर्नु पर्ने हो सबै त्याग गर्न तयार छन्। हिजो सम्म मधेश रट लगाउने नेताहरूलाई आज "मधेश र मधेशी" शब्दसँग घृणा लाग्न थालेका छन्। पहिले पार्टीको नामबाट मधेश र मधेशी शब्द झिके, विस्तारै पार्टीको उद्देश्यबाट झिक्लान् कि भन्ने संशय पनि पलाएको छ।

यता, समाजवादी पार्टी र राजपा मिलेर बनेको समाजवादी जनता पार्टी यस वर्ष पनि संविधान दिवसलाई कालो दिवसकै रुपमा मनाउने छन्। सजपा भित्र एजेण्डाको कुरा भन्दा पनि नेताको पदीय व्यवस्थापन र प्राप्त अवसरलाई कसरी बाँडफाँड गर्ने विषय नेतृत्वको रोजाईमा पर्ने गरेका छन्। पार्टी भित्रका कार्यकर्ता पनि पुरानै पार्टीको कार्यकर्ताको शैलीमा आफैंलाई विभक्त गरेका छन्। पार्टी भित्रै एकले अर्काका विरुद्ध समाचार र खेदो खन्न उद्दत रहेका छन्। यो संविधानको मुल विशेषता भनेको संघियता, समावेशिता, धर्म निरपेक्षता, समानता हो। तर, तिनै विषयमा जनताले आफ्ना असन्तुष्टि व्यक्त गरिरहेका छन्। यो सरकारको पहिलो काम संविधानलाई कार्यान्वयन गर्ने हो तर, सरकार आफैं संविधानको धारा उपधारालाई मान्न तयार छैन।

स्वभाविक रुपमा संविधान कुनै बाइवल, कुरान, महाभारत र रामायण होइन कि एक पटक लेखेपछि सधैं रही रहने। नेपालको संविधान जनताको चाहना र आवश्यकता अनुसार परिमार्जन गर्दै जाने गतिशील दस्तावेज हो। तर गतिशील बनाउने ढिलाई गरिनु हुन्न।

# महामारी संकट र सरकारको सोच

संसारभरि फैलिएर महाताण्डव मचाएको कोरोना भाइरसले अहिलेसम्म ९ लाख २० हजार मानिसलाई ग्रास बनाइसकेको अवस्थामा नेपाललाई छोड्ने कुरा भएन। एक अर्काकै स्पर्शबाट तीव्र रुपमा संक्रमित हुने बिलकुल नयाँ किसिमको यो भाइरस संसारका अति विकसित स्वास्थ्य विज्ञानका लागि ठूलो चुनौतीको रुपमा आयो। यसको अध्ययन, अनुसन्धान गर्दासम्म अहिले झण्डै १० लाख मानिसको मृत्यु भइसकेको छ। शक्ति राष्ट्रहरुले कोभिड-१९ नियन्त्रण गर्न वैक्सीनको पत्ता लगाएको दावा गरेपनि जनस्तरमा उपलब्ध हुन नयाँ वर्षको शुरुवातसम्म समय लाग्ने अनुमान गरिएको छ। नयाँ साल आउन अहिले ३.५ महिना बाँकी छ। मानिस मार्ने कोरोनाको गतिशीलता हेर्दा यस अवधिमा अझै ५ लाख मानिसको मृत्यु हुने सम्भावना देखिन्छ।

संसारका कुनाकाप्चासम्म आफ्नो प्रभावमा लिएको कोरोना भाइरस नेपाललाई कसरी छोडथ्यो होला। संसारभरि मानिसको ओहोर दोहोरले नेपालमा पनि कोरोना प्रवेश गऱ्यो। विश्वभरि महामारीको आतंकबाट त्रसित मानिसहरु तत्काल अपनाउनु पर्ने सावधानी जस्तै मास्क लगाउने, कसैलाई स्पर्श नगर्ने, गरेपनि साबुन पानीले हातधुने, सेनिटाइजरको प्रयोग गर्ने, सामाजिक दूरी बनाई राख्ने आदि अरु देशबाट शिक्षा लिएर नेपालीहरु पहिलेदेखि सतर्क रहेका कारण संसारको दाँजोमा नेपाल कोरोना नियन्त्रण गर्न सफल नै देखिएको छ। नेपाल जस्तो अविकसित मुलुकमा कोरोनाको प्रवेश हुँदा यसले सखाप नै पार्ने अनुमानलाई भयभीत नेपाली जनताको पूर्वसावधानी तथा सरकारको सतर्कतापूर्ण निर्देशनका कारण त्यो अनुमान झूठा साबित भएको छ।

तर, "कात्रो किन्दा पनि कमीशन खाने" चलनअनुसार कोरोना नियन्त्रण गर्न यो निरीह देशले पाएको सहयोगमा पनि सरकारमा बसेकाहरुले कोरोना नियन्त्रण गर्ने जिम्मेवारीभन्दा कमीशन सुरक्षित कसरी राख्ने भन्ने कपटी विचारलाई नै प्राथमिकतामा राख्दा सरकारको व्यवहारप्रति जनतालाई लज्जाबोध भएको छ। कोरोना नियन्त्रण गर्नका लागि दिइएको सहयोगको रकममा आर्थिक अनियमितताबारे सार्वजनिक हुँदै आएको खबर "कात्रो किन्दा पनि कमीशन खाने"व्यक्तिका लागि शर्मनाक हुनै सक्दैन।

चैत ११ गतेदेखि कोरोना भाइरसलाई समुदायमा फैलिन नदिनका लागि ६ माहिनासम्म देशलाई लकडाउन गरिराख्दा देशले पाएको आर्थिक घाटाबाहेक कोरोनालाई सरकारले नियन्त्रण गर्न सफल भएको कुरालाई नकार्न सकिन्न। कोरोनाको वेग र ६ महिनाको अवधि हेर्दा कोरोनाले दिएको नतीजा न्यून रहेको देखिएको छ। कोरोनालाई नेपालमा अपेक्षित रुपमा बढ्न नदिएको सफलतामा मात्तिएर गन्तव्य विमुख भयो भने कोरोनाले नेपाललाई बिगार्न अहिले पनि धेरै अवसर छ। गर्मीमा कोरोनाको असर कम हुन्छ, यसलाई आफ्नो प्रयासको सफलता मान्ने गल्ती गऱ्यो भने अब आउने जाडोमा कोरोना कहर कस्तो होला ? जेहोस् कोरोनासँग कसरी जिउने भन्ने कुरा अब नेपाली जनताले बुझिसकेको छ। सरकार पनि कोरोनाबारे सचेत भएर बस्नुको विकल्प छैन।

नेपाल जस्तो गरिब देश जो परनिर्भरताको दलदलमा धसेको छ, कोरोनाको महामारीमा यसको आर्थिक स्तर ध्वस्त बनेको छ। गत वर्ष आर्थिक वृद्धिदर ७% अनुमान गर्दा नतिजामा २% देखाएको छ जबकि गत वर्ष कोरोनाको खासै प्रभाव झेल्नु परेन। नेपालमा मध्यमवर्गदेखि निम्नवर्गसम्मको जनसंख्या ७५% रहेकोले ६ महिनाको कडा लकडाउन अवस्थामा श्रमिक वर्ग खाना नपाएर जहाँ अब दिनदिनै आत्महत्या गर्न बाध्य भएका छन्, मध्यमवर्गले पनि संचित धन सकाएर हातमुख जोड्न आक्रोशित अवस्थामा पुगेको छ। ६ महिनाको लकडाउनले उद्योग, व्यापार सबै ठप्प हुँदा यो अवस्थाले भोकमरी जस्तो दोश्रो महामारीको जन्म दिएको छ।

हुन त, आर्थिक जरजर भएर आश मारेका जनतालाई बेलामौकामा **नेपाली जनताको चुल्होमा गैस जोडि दिने** भनेर हाम्रा कमेडियन प्रधानमन्त्रीले आशावादी बनाउन धेरै प्रयास गर्नु भएको छ। अहिले पनि **नेपाली जनतालाई भोकभोकै मर्न दिन्न** भनेर अस्ति भर्खरै शब्दोच्चार गर्नु भएको हो। तर आत्महत्या गरेर मर्नेहरुको संख्या अब ३ हजारमा पुग्न आँटेको छ। सधैं प्रधानमन्त्रीजीको ठट्टा गर्ने बानीले यो घोषणाबाट जनताले विश्वास गर्न सकेको छैन। जनताको भोकसम्म प्रधानमन्त्रीको आश्वासन पुगेको छैन र जनतालाई मृत्युले धमाधम तान्दै लगिरहेको छ।

लकडाउनका कारण लामो समयसम्म काम नपाएर भोकभोकै बस्नु परेको अवस्थामा श्रमिकवर्गका लागि मृत्युबाहेक अरु कुनै विकल्प नरहेको यथार्थ अब सतहमा आउन थालेको छ। नेपालका हजारौं युवाहरु भारतमा कोरोनाको भयावह अवस्था हेरेर पनि कामको खोजीमा भारत पलायन गरि रहेको दृश्य प्रधानमन्त्रीजीले पनि हेर्नु भयो होला। **नेपाली जनतालाई भोकभोकै मर्न दिन्न** भनेर प्रधानमन्त्रीले गर्नु भएको घोषणाको ती पलायन हुने युवामा कुनै असर देखिएन। यो प्रहसनमा उनलाई न हर्ष भयो न बिष्मात्।

यस्तो भयावह स्थितिलाई रोक्न न संघीय सरकार, न प्रादेशिक सरकार, न स्थानीय सरकारसँग कुनै ठोस रणनीति छ। अहिले टुक्रिएका तीनवटै सरकार एक अर्काको जिम्मेवारी भनेर पन्छिने गरेका छन्। टुक्रिएको दायित्वमा समाजमा देखा पर्ने घटनाको पूर्ण जिम्मेवारी स्थानीय सरकारले पनि लिन छाडेका छन्। समाजमा विषम् परिस्थितिको जन्म हुँदा कस्को जिम्मेवारी भन्ने विषयमा तीनवटै सरकारको पारस्परिक झगडाका कारण समस्या बल्झिदै गएको छ।

मध्यमवर्गको अवस्था अलि फरक भएपनि समस्या भने उही भोकमरीको हो। बिखर्ची बनेका मध्यमवर्ग व्यापारबाट बञ्चित लामो समयसम्म लकडाउनमा बसेर खर्चको बोझ उगाउन नसक्ने अवस्थामा आउँदा आक्रोशित बनेका छन्। यो गैरजिम्मेवार सरकार मृत्यु शैय्यामा भएकाहरुसँग पनि ठट्टा गर्ने बानी राखेका कारण समस्याको समाधान भने यो सरकारसँग नरहेको प्रष्ट छ। मध्यमवर्ग आर्थिक तनावका कारण आक्रोशित अवस्थामा रहेको कतिपय घटनाले देखाएको छ। पाटनको झडप यही आक्रोशको प्रतिफल हो।

उद्योगपतिहरुको उद्योग बन्द छ। राजस्वको ताकेता, बैंकको ऋणको कचकच आदिका कारण उद्योगपतिहरु पनि अब तनावमा आएको छ। विदेशबाट आएका युवाहरुलाई स्थापित गर्न सरकारसँग कुनै रणनीति छैन। काम नपाएर बेकार बसेका युवाहरुबारे सरकारको कुनै योजना नरहेका कारण त्यो समस्या पनि सतहमा नआउने होइन। अवसर नपाएका उच्चवर्ग पनि देशमा विकसित सबै समस्यामा अवसर खोजी आफ्नो भूमिका स्थापित गरी सरकारमाथि आक्रमण गर्ने कुरा छुट्टै छ।

सरकारसँग अहिले धेरै चुनौती छ। कोरोना विस्तारै समुदायमा सर्दै गइरहेको जोखिमलाई कसरी न्यूनीकरण गर्ने भन्ने जटिल प्रश्नको समाधान अहिले हुन नसकिरहेको बेला जनता अब भोकले पीडित भई लकडाउन तोड्न सरकारमाथि दबाब बनाइरहेको अर्को समस्या छ। लकडाउन खुकुलो नगर्दा आत्महत्यालाई पनि रोक्न सक्ने कुनै उपाय छैन। **नेपाली जनतालाई भोकभोकै मर्न दिन्न** भनेर गैरजिम्मेवारपूर्ण ख्याल ठट्टा बाहेक कोरोनाबाट देशको जरजर भएको आर्थिक अवस्थामा जनतालाई राहत दिन सरकार अति कमजोर रहेको प्रबुद्धवर्ग सबैलाई ज्ञात छ।

लकडाउनका कारण देशको उद्योग, व्यापार सबै ठप्प रहेका कारण देशको आर्थिक वृद्धिदर घट्दै माइनसमा गइरहेको अर्थविद्हरुको आँकलन छ। उत्पादन क्षेत्र ठप्प रहेको र खर्च निरन्तर भइरहेको अवस्थामा देशले धान्न सक्ने अवस्था भने देखिदैन। चालू आ.व.को जति बजेट छ त्यति नै सरकारको लिएको ऋण छ। कुल गार्हस्थ्य उत्पादनमा ०७७ आषाढ मसान्तसम्म ऋणको हिस्सा ३८% देखिएको छ भने आर्थिक मन्दीका कारण यो हिस्सा ५०% भन्दा माथि पुग्ने विज्ञहरुको अनुमान छ। सरकारले लिएको ऋण १४ खर्ब १८ अर्ब नाघेको छ। ०७६/०७७ मा सरकारले साँवा ब्याजमा ८१ अर्ब भुक्तान गरेको छ। नेपालले पुनश्च: विश्व बैंक तथा एशियाली विकास बैंकसँग पनि १.५ अर्ब ऋण लिने सम्झौता गरेको छ। त्यतिले नपुगि चीनद्वारा संचालित एशियाली पूर्वाधार विकास बैंक (AIIB) सँग पनि महँगो ब्याज दरमा ऋण लिने सरकारले तयारी गरेको बुझिएको छ।

यी सारा चुनौती सरकारको अगाडि तेसिँदा पनि सरकार गम्भीर नबनी यहाँका समस्यालाई समाधान गर्न विदेशबाट आएको अनुदान सहयोग लिएर रणनीति बनाउने सरकारको सोच कति खतरनाक हुन सक्छ सहजै अनुमान गर्न सकिन्छ। देशको आर्थिक अवस्था दयनीय रहेको अवस्थामा **नेपाली जनतालाई भोकभोकै मर्न दिन्न** भन्ने सरकारको हास्यास्पद अभिव्यक्तिबाट सरकार दायित्वविहीन भएको त्यसै प्रष्ट हुन्छ। आन्तरिक विवादका कारण सरकार र प्रतिपक्ष दुबै भूमिकाविहीन हुँदै गएको अवस्थामा यो महामारीले झन् प्रतिकूलता थपिदिएको छ।



**उपेन्द्र झा**

कोरोना विस्तारै समुदायमा सर्दै गइरहेको जोखिमलाई कसरी न्यूनीकरण गर्ने भन्ने जटिल प्रश्नको समाधान अहिले हुन नसकिरहेको बेला जनता अब भोकले पीडित भई लकडाउन तोड्न सरकारमाथि दबाब बनाइरहेको अर्को समस्या छ। लकडाउन खुकुलो नगर्दा आत्महत्यालाई पनि रोक्न सक्ने कुनै उपाय छैन। **नेपाली जनतालाई भोकभोकै मर्न दिन्न** भनेर गैरजिम्मेवारपूर्ण ख्याल ठट्टा बाहेक कोरोनाबाट देशको जरजर भएको आर्थिक अवस्थामा जनतालाई राहत दिन सरकार अति कमजोर रहेको प्रबुद्धवर्ग सबैलाई ज्ञात छ।

janukjha24@gmail.com

## कीर्तिपुरमा शम्भु महतो हत्याबारे सीआईबीले छानबिन गर्नुपर्ने सरिता गिरीको माग

काठमाडौं। पूर्वसांसद सरिता गिरीले गत साता कीर्तिपुरमा घरधनीको कुटपिटबाट शम्भु महतो (चौधरी)को भएको हत्याबारे केन्द्रीय अनुसन्धान विभाग (सीआईबी)ले छानबिन गर्नुपर्ने माग गरेकी छन्।

गिरीले मंगलबार एक विज्ञप्ति जारी गरी शम्भु हत्या घटनाको सम्पूर्ण छानबिन सीआईले गर्नुपर्ने र असहाय परिवारका लागि सरकारले तत्काल रु. १० लाखको क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने माग गरेकी हुन्।

घर भाडाको निहुँमा घरमालिकले आक्रमण गरेर जसरी प्रहरीले उनको उद्धार गर्नमा ढिलाई गऱ्यो र शम्भु महतोको मृत्यु हुन पुग्यो त्यसबाट मधेशीप्रति समाज र राज्यमा व्याप्त गहिरो घृणा एक पटक फेरि उजागर भएको उनको तर्क छ।

पूर्वमन्त्रीसमेत रहेकी गिरी भन्छिन्, 'घटनाक्रमबाट यो प्रमाणित हुन्छ कि शम्भुको मृत्युका लागि घरधनीका साथ प्रहरी पनि जिम्मेवार छ। तसर्थ हत्याको परिणामको जिम्मेवारी राज्यले लिनुपर्छ।'

शम्भु महतोको तीन वटा बच्चाको निःशुल्क शिक्षाको जिम्मेवारी कीर्तिपुरको सम्बन्धित स्थानीय सरकारले ग्रहण गर्नुपर्ने माग उनले गरेकी छन्।

'शम्भुको असहाय परिवारको भविष्यको समेत जिम्मेवारी राज्यले लिनु पर्दछ। तसर्थ शम्भुको पत्नी नीतूलाई राज्यले नागरिकता प्रमाण पत्र प्रदान गरी तत्काल उसको लागि रोजगारीको व्यवस्था गरोस्।' विज्ञप्तिमा उल्लेख छ।

## पठनपाठनको वातावरण बनाउन माग

काठमाडौं। देशमा क्रियाशील विभिन्न १३ विद्यार्थी संगठनहरुले स्वास्थ्य सतर्कता अपनाउँदै पठनपाठनको वातावरण बनाउनसहित १० बुँदे निर्णय गरेको छ। सत्तारुढ, प्रतिपक्षीसहित १३ विद्यार्थी संगठनको मंगलबार बसेको संयुक्त बैठकले कोरोना भाइरम तत्काल नियन्त्रण नहुने र अझ एकदई वर्ष रहने प्रक्षेपण गरिएको, बैकल्पिक सिकाइ प्रभावकारी नभएको र शैक्षिक्रमक खेर जाने देखिएकोले आवश्यक स्वास्थ्य सतर्कता अपनाउँदै सबै विद्यालय क्याम्पस र विश्वविद्यालयको पठनपाठन सञ्चालनको बातावरण तयार गर्न अनुरोध गरेको छ। संयुक्त विद्यार्थी संगठनले कक्षा १२, क्याम्पस तथा विश्वविद्यालय तहका निर्यामत तथा रोकिएका परीक्षा सञ्चालनको ठोस मापदण्ड र योजना बनाइ परीक्षा सन्चालन गर्न अनुरोध गरेको छ। यसैगरी, कोरोनाको कारण अलपत्र परेका विद्यार्थी, गरिब तथा विपन्न मजदुरको कोठा भाडा र गहत प्याकेज घोषणा गर्न, निजी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको तलबको व्यवस्था गर्न सरकारसँग माग गरेको छ। संयुक्तरुपमा जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'निजी विद्यालय तथा क्याम्पसहरुले अनलाइन कक्षाको नाममा चर्को शुल्क असुल गरिरहेका छन्। भौतिक रुपमा कक्षा सञ्चालन नगर्द शुल्क लिने शैक्षिक संस्थालाई कारबाही गर्न माग गर्दछौं।' कोरोना भाइरस नियन्त्रणको लागि औषधि खरिद, क्वारेन्टाइन र अन्य व्यवस्थापनमा भएको भनिएको अनियमितता र भष्टाचारको छानविन गरी अनियमितता र भष्टाचारमा सलग्नहरुलाई कारबाही गर्न समेत माग गरेको छ। पोखरा नेपाल संस्कृत कृषि तथा वनलगायत विश्वविद्यालयमा पदाधिकारी नहुँदा सम्पूर्ण काम अस्तव्यस्त भएको छ। ती विश्वविद्यालयमा खुला प्रतिस्पर्धाको आधारमा तत्काल पदाधिकारी नियुक्ति गर्न अनुरोध गरेको छ। यस्तै, कोरोना र बाढीपहिरोबाट निधन भएका सबैप्रति संयुक्त विद्यार्थी संगठनको तर्फबाट हार्दिक श्रद्धान्जली अर्पण गर्दै बाढीपहिरोबाट पीडित जनताको राहत र पुनस्थापना छिटो गनको लागि अनुरोध गरेको छ। यस्तै, १३ विद्यार्थी संगठनले छात्रवृत्तिलाई दोब्बर बृद्धि गरी वैधानिक र व्यावहारिक मापदण्ड बनाइ पारदर्शी ढंगले कार्यान्वयन गर्न माग गरेको छ। सीटीइभीटीले प्रवेश परीक्षा नलिइ जीपीएका आधारमा भर्ना गर्ने सूचना जारी गरेको र त्यसबाट सरकारी विद्यालयका विद्यार्थी भनाबाट बञ्चित हुने देखिएकाले सरकारी विद्यालयका ८० प्रतिशत र निजी विद्यालयका २० प्रतिशत विद्यार्थी भर्ना लिने व्यवस्था गर्न समेत माग गरेको छ।

# असोज ३ लाई हामी सदैव कालो दिनकै रुपमा स्मरण गर्छौं

आन्दोलनको क्रममा राज्यले मधेशी र थारुहरुमाथि निर्मम दमन गरेर ६० भन्दालाई शहादत प्राप्त गर्न बाध्य तुल्याएको थियो, हजारौं व्यक्तिहरु घाइते भएका थिए, सयौं अपाङ्ग भएका थिए। त्यसकारण असोज ३ नेपालको इतिहासमा कालो धब्बा हो। यो दिनले नेपालको इतिहासलाई नै कलंकित गरेको छ। त्यसकारण, असोज ३ लाई हामी यस्तै स्मरण गर्न बाध्य छौं।



## वृषेश चन्द्र लाल

### केन्द्रीय कार्यकारिणी समिति सदस्य, जनता समाजवादी पार्टी नेपाल

**० जनता समाजवादी पार्टी नेपालले असोज ३ अर्थात् संविधान दिवसमा के छ ?**

– संविधान दिवसबारे नेताहरु विचार-विमर्शमा हुनुहुन्छ। तर वास्तविक के छ भने असोज ३ कालो दिवस नै हो। मधेशी, थारु, आदिवासी जनजाति र सीमान्तीकरणमा परेका समुदायहरुका निम्ति अयोज २ ३ गते कालो लिवस नै हो। किनभने त्यस दिनमा हाम्रो सहमति र सहभागिताबिना संविधान लादिएको थियो। हामीले जुन माग प्रस्तुत गरेका थियौं, त्यस मागलाई नकार्दै राज्यले जबर्जस्ती संविधान घोषणा गरेको हो। आन्दोलनको क्रममा राज्यले मधेशी र थारुहरुमाथि निर्मम दमन गरेर ६० भन्दालाई शहादत प्राप्त गर्न बाध्य तुल्याएको थियो, हजारौं व्यक्तिहरु घाइते भएका थिए, सयौं अपाङ्ग भएका थिए। त्यसकारण असोज ३ नेपालको इतिहासमा कालो धब्बा हो। यो दिनले नेपालको इतिहासलाई नै कलंकित गरेको छ। त्यसकारण, असोज ३ लाई हामी यस्तै स्मरण गर्न बाध्य छौं।

**० भनेपछि जसपाले संविधान दिवसलाई कालो दिवसकै रुपमा मनाउँछ ?**

– त्यो त पार्टीले निर्णय गर्ला। त्यसको गृहकार्यमा नेताहरु हुनुहुन्छ। यो दिनलाई सदैव नै कालो दिनकै रुपमा स्मरण गरिन्छ।

**० गत वर्ष जसपाका अर्को घटक पूर्व समाजवादीले संविधान दिवसमा मौन बस्यो। न संविधान दिवस मनायो न त विरोध नै गऱ्यो। अहिले राजपा र समाजवादी एक भइसकेपछि अलमलमा परेको हो ?**

– गत वर्ष पनि संविधान दिवसको सन्दर्भमा दुवै पार्टीको कुनै तात्विक मतभेद थिएन। दुवै पार्टीका कार्यकर्ताहरुले यसलाई कालो दिवसकै रुपमा स्मरण गरे। अहिले एकीकरण भइसके पछि पनि मतभिन्नता हुने आधार नै छैन।

**० तर, गत वर्ष समाजवादी पार्टीले संविधान दिवसको विरोध वा समर्थन केही पनि नगर्न ह्वीप नै जारी गरेको थियो। प्रदेश २ मा कालो दिवस मनाउँदा कारबाही गर्ने माग पनि समाजवादीमा उठेको थियो नि ?**

– त्यसबेला उहाँहरुको आफ्नै किसिमको धारणा थियो। उहाँहरु संविधान संशोधनका निम्ति सरकारसँग छलफलमा हुनुहुन्थ्यो। उहाँहरुलाई विश्वास थियो कि संविधान संशोधन हुन्छ। तर, उहाँहरुले यो कालो दिवस होइन भनेर त्यतिखेर पनि भन्नुभएको थिएन। समाजवादीका धेरै कार्यकर्ताहरु जिल्ला-जिल्लामा असोज ३ लाई कालो दिवसका रुपमा नै स्मरण गरेका थिए।

**० गत वर्ष तत्कालीन समाजवादीका अध्यक्ष उपेन्द्र यादव नेपाल सरकारको उपप्रधानमन्त्री हुनुहुन्थ्यो। त्यसले गर्दा उहाँले संविधान दिवसको विरोध गर्न सक्नुभएन कि ?**

– सरकारको उपप्रधानमन्त्रीको रुपमा रहँदा आफ्नै केही मर्यादा र सीमा हुन्छ। त्यो सीमा र मर्यादालाई उहाँले मान्नुभएको होला। तर उहाँले यो कालो दिवस होइन, संविधानलाई स्वीकार गरिसकेको भनेर त कहिल्यै भन्नुभएन। उहाँ संविधान संशोधनका निम्ति नै सरकारमा हुँदा पनि संघर्ष गरिरहनु भयो। संविधान संशोधन गर्न सरकार तयार नभएपछि सरकारबाट बाहिरिनुभयो।

**० संविधानको विरोध गर्ने राजनीतिक वा नैतिक आधार जसपासँग छ त ?**

– निश्चित रुपमा संविधानको विरोध गर्ने राजनीति र नैतिक आधार जसपासँग छ। त्यसैका निम्ति जसपा लड्दै आएको छ। समाजवादी र राजपा सुरुदेखि नै यो संविधान हामीलाई स्वीकार्य छैन। यसमा मधेशी, थारु, आदिवासी जनजातिको जुन मागलाई सम्बोधन गरिएको छैन। जबसम्म हाम्रो मागअनुरुप संशोधन गरेर सर्वस्वीकृत संविधान बनाइदैन तबसम्म हाम्रो संविधान हुन सक्दैन। यो कुरा त दुवै पार्टीले भन्दै आएको छ। अहिले पनि जनता समाजवादीको घोषणापत्रबाट यी कुराहरु प्रष्टरुपमा जनता समक्ष आइसकेको छ। यो संविधानलाई हामी स्वीकार गर्दैनौं, संशोधनहरु आवश्यक छन्। त्यो संशोधन मधेशी, थारु, आदिवासी जनजातिको आकांक्षाअनुरुप हुनुपर्छ। अनि मात्रै यो संविधान सबैका निम्ति स्वीकार्य हुनसक्छ।

**० तपाईंहरुले संविधानकै शपथ खाएर विभिन्न सुखसुविधा लिनुहुन्छ, प्रदेश २ मा सरकार बनाउनुभएको छ। तर, संविधान दिवस मनाउँदैनौं, कालो दिवस हो भनेर जनतालाई भ्रमित गर्दै हुनुहुन्छ नि ?**

– यो संकुचित सोच हो। किनभने यो संविधानमा धेरै सकारात्मक पक्षहरु पनि छन्। हामीले संविधानलाई संशोधन गर्ने कुरा गरिरहेका छौं। हामीले यो संविधानका सबै कुरा अमान्य छ भन्ने कुरा भनेका छैनौं। यो संविधानमा हाम्रो आकांक्षाको सम्बोधन गरिएको छैन भनेर भनेका छौं। यो संविधानले संघीय संरचनालाई जस्तो हुनुपर्ने हो त्यस्तो प्रस्तुत गरेको छैन। तर संघीय संरचनामा प्रवेश भएको छ। समावेशिताको जुन रुप हुनुपर्ने हो त्यो दिन सकेको छैन, तर समावेशितालाई यो संविधानले स्वीकार गरेको छ। त्यसैले हामीले भनेका छौं कि संविधानको संशोधन आवश्यक छ। अर्को कुरा, संविधानका जे जति कुराहरु छन्, जुन मर्म छ त्यसलाई पनि संविधान बनाउनेहरुले पालना नगरिरहेको प्रष्टै देखिन्छ। संविधानमा भएका कुराहरुलाई पालना नगर्ने मानसिकतामा छन्, अवश्य पनि यो संविधानको निर्माणकर्ताको मानसिकता इमान्दारीपूर्ण थिएन। जहाँसम्म निर्वाचनमा भाग लिने, जनप्रतिनिधि हुने कुरा छ, यो त हाम्रो आन्दोलनको रणनीति हो। हामी निर्वाचनमा भाग लिन्छौं, आफ्ना एजेन्डा जनतासमक्ष राख्छौं र जनताको समर्थन हामीसँग छ। त्यस कुरालाई हामी दुनियाँको अगाडि राखेर यो संविधानमा के-के संशोधन आवश्यक छन्, त्यस कुराका बारेमा हामी प्रकाश पार्छौं। त्यसका निम्ति हामी संघर्ष गर्छौं। मधेशी, थारु, आदिवासी जनजातिहरुको राज्यको निकायमा सहभागिता नचाहनेहरुले हामीविरुद्ध विभिन्न कुतर्कहरु गर्ने गरेका छन्। हामी संवैधानिक तरिका र अहिंसक संघर्षको माध्यमबाट अहिलेसम्म अगाडि बढ्दैछौं। सोहीअनुरुप प्रतिनिधिसभा, राष्ट्रियसभामा भाग लिएर आफ्ना कुराहरु राख्दैछौं। यसप्रति यदि कसैको आपत्ति छ भने उहाँहरुको मानसिकतालाई नै प्रष्ट पार्दछ।

**० संविधानमा रहेका विभेदका धाराहरु र समाधानसहितको सूचि तपाईंहरुले जनतामाभ्र किन सार्वजनिक गर्नु हुन्न ?**

– बिल्कुल सार्वजनिक छ। हामीले १०+१ को संघीय संरचनाको अवधारणा राखेका छौं। राष्ट्रियसभामा जुन प्रतिनिधित्व छ अहिले ५४ लाख जनसंख्या भएका प्रदेशको पनि आठ जना र १४ लाख जनसंख्या भएको प्रदेशको पनि आठ जना लोकतान्त्रिक मान्यताअनुरुप छैन। त्यसकारणले राष्ट्रियसभा वा प्रतिनिधिसभाको चुनाव जनसंख्याको आधारमा हुनुपर्छ। सीमान्तकृत जनताहरुको समावेशिताको अधिकारलाई संविधानले पनि सुनिश्चित गर्नुपर्छ र संविधानअन्तर्गतका ऐन कानूनहरु पनि स्थापित गर्ने कुरातिर अगाडि बढ्नुपर्छ। हाम्रा संस्कृति, भाषाले मान्यता पाउनुपर्छ। यी कुराहरु हामीले लगातार प्रष्ट गर्दै आएका छौं। अहिले जनता समाजवादी पार्टीको घोषणापत्र पारित गरिएको छ, त्यसमा यी सबै कुरा प्रष्टसँग पुनः उल्लेख गरिएको छ। हाम्रो एजेन्डा र आन्दोलनका माग नै यही हो।

**० अब अन्त्यमा, जनता समाजवादी पार्टी गठन भएको पाँच महिना हुन लागेको छ, केन्द्रीय समिति गठनमा पूर्वराजपाभित्र भागवण्डा नमिलेर ढिलाई भइरहेको हो ?**

– केन्द्रीय समिति निर्माणको विषयमा जसरी प्रचार गरिएको छ, त्यो किसिमको कुनै विवाद छैन। केन्द्रीय कार्यकारिणी समितिको बैठकले पाँच जना नेतालाई केन्द्रीय समिति निर्माणको जिम्मा दिएको छ। त्यसअनुरुप उहाँहरु गृहकार्य गर्दै हुनुहुन्छ। दुवै पार्टीका नेताहरुको मूल्यांकनमा उहाँहरु व्यस्त हुनुहुन्छ। कोरोनाले गर्दा पनि अहिले सहज वातावरण छैन। अब छिट्टै नै केन्द्रीय समितिको निर्माण गरी सार्वजनिक हुन्छ। विभिन्न राजनीतिक स्वार्थ समूहका व्यक्तिहरुले विवाद छन् भनेर प्रचार गरिरहेका छन्। त्यो समूहले जसपामा विवाद होस्, केन्द्रीय समिति निर्माण नहोस्, आफ्नो एजेन्डामा अगाडि बढ्न नसकोस् भन्ने चाहन्छ। अर्को कुरा आफ्नै स्वार्थ बढी महत्वपूर्ण ठान्नेहरुले पनि पार्टीभित्र विवाद छ भन्ने कुराको प्रचार प्रसार गरिरहेका छन्।

# महामारीमा संघीय सरकारले सहयोग गरेन भन्ने प्रदेश २ को जस्तो गुनासो छैन



## बैजनाथ चौधरी

### भौतिक पूर्वाधार विकासमन्त्री, प्रदेश ५

**० प्रदेश ५ पनि कोरोना संक्रमणको उच्च जोखिममा छ, संक्रमितको संख्या बढिरहेको छ भने दैनिक मृत्यु पनि भइरहेको छ। रोकथाम तथा नियन्त्रणका लागि प्रदेश सरकारले के गर्दैछ ?**

– नेपालमा कोरोना भाइरस (कोभिड-१९)को जोखिम बढेदेखि नै प्रदेश ५ को सरकार सजग नै छ। सुरुमा हामीले यस प्रदेशमा चार वटा कोरोना अस्पताल बनायौं। सीमासँग अधिकांश जिल्ला रहेकोले प्रदेश ५ का चार जना मन्त्रीको नेतृत्वमा चार वटा कोरोना अस्पताल निर्माण गऱ्यौं। त्यसपछि हामीले आइसीयु, भेन्टिलेटर, कर्मचारी पनि बढाउने काम गऱ्यौं। यो त भयो संक्रमित भइसकेकाहरुको उपचारका लागि गरिएका कामहरु। कोरोनाका विरामीहरुको उपचार गर्ने काम हामीले सुरुदेखि गर्दै आएका नै छौं। पछिल्लो समय जब अलि बढी नै संक्रमितहरु बढ्न थाल्यो, त्यसपछि कोरोना पोजेटिभ रिपोर्ट आएका तर लक्षण नदेखिएकालाई आइसोलेसन अस्पताल पनि प्रत्येक जिल्लामा स्वास्थ्यकर्मीकै निगरानीमा राखियो। बाहिरबाट आउनेहरुलाई क्वारेन्टाइनमा राख्ने, त्यसपछि आफ्नो गाउँमा जान दिने लगायतका कामहरु गरिरहेका छौं। कोरोना रोकथाम तथा नियन्त्रणमा स्थानीय तहसँग पनि हाम्रो सहकार्य हुँदैछ। लामो समयदेखि लकडाउन वा निषेधाज्ञाले विभिन्न समस्याहरु उत्पन्न हुने अवस्था देखिन थालेपछि हामीले आर्थिक गतिविधि पनि चलायमान गर्न केही हदसम्म खुकुलो पनि गरेका छौं।

**० निषेधाज्ञाले मात्रै गरेर कोरोनालाई रोक्न सकिँदैन ?**

– निषेधाज्ञा मात्रै गर्ने, घरबाट कसैलाई निस्किनै नदिने, अर्थतन्त्र एकदमै डमाडोल गराउने कुरा त्यति राम्रो होइन। अन्य मुलुकहरुलाई पनि हामीले हेरिरहेका छौं। मास्क र सेनिटाइजर प्रयोग गर्ने, अर्थतन्त्रलाई पनि चलायमान गर्ने भन्ने हिसावले अन्य देशहरुले नीति अख्तियार गऱ्यो। यही नीतिलाई हामीले पनि अपनाउनुपर्छ। हामीले ठाउँ-ठाउँमा बोर्ड झुण्ड्याएको छौं कि तपाइँको मास्क खोई ? मास्क किन नलगाउनु भएको लगायतका जनचेतना पनि फैलाइरहेका छौं। मास्क नलगाएका मानिसलाई बाटोमा हिंड्न पनि नदिने, जोसुकैले पनि मास्क लगाएरै हिंड्नुपर्छ, दुई मिटरको दूरी कायम गरेर कुराकानी गर्नुस् भन्ने कुरा पनि हामीले लागू गर्दैछौं। त्यसैले अर्थतन्त्र चलायमान हुनुपर्छ भन्ने हिसावले नै अगाडि बढिरहेका छौं। कोरोनासँगै बाँच्ने र जनजीवन सहज बनाउँदै जाने रणनीति नै अबको लागि उपयुक्त हो।

**० कोरोना संक्रमणभन्दा पनि अन्य रोगबाट पनि बढी मृत्यु भइरहेको छ। अन्य रोगका विरामीहरुलाई अस्पतालमा भर्ना नै लिँदैन, कोरोनाको रिपार्ट माग्छ नि ?**

– यसका लागि हामीले भनेका छौं कि जुनसुकै विरामी अस्पतालमा आइसकेपछि फिर्ता पठाउन पाइँदैन। यदि कोहीमा कोरोनाकै लक्षण देखियो भने उसलाई त्यही ढंगले उपचार गर्नुपर्छ। तर कोरोनाको बहानामा अन्य विरामीहरुलाई अस्पतालबाट फर्काउने, उपचार नगर्ने लगायतका काम कुनै अस्पतालले गर्नु हुँदैन भनेर भनिरहेका छौं। त्यसलाई कडाइका साथ लागू गर्नपर्छ भन्ने कुरा नै हो।

**० तर, कतिपयले त अस्पताल चहार्दा चहार्दै उपचार नपाएर ज्यान गुमाइसकेका छन् नि ?**

– यस्ता कतिपय घटनाहरु पनि भएका छन्। तर, हाम्रो प्रदेश ५ का सरकारी अस्पतालमा धेरै गुनासा छैनन्। निजी अस्पतालहरुले यस्तो गरेका होलान्। त्यसलाई पनि हामी कडाइका साथ प्रत्येक अस्पताललाई निर्देशन दिएका छौं।

**० कुनै कोरोना संक्रमितको मृत्यु भइसक्दा उसको शव व्यवस्थापन नेपाली सेनाले गर्छ। तर, मृतकका परिवारले आफ्नो परम्पराअनुसार अन्तिम संस्कार गर्न पाउनुपर्छ भन्ने गुनासाहरु पनि छन् त ?**

– त्यसका लागि हामीले मन्त्रिपरिषद्बाट नै निर्णय गरेका छौं कि शव व्यवस्थापन सेनाले गर्ने, तर आफ्नो धर्म, रितिरिवाजअनुसार सम्बन्धित परिवारले सहभागी हुन पाउने तर दूरी कायम राखेर। सेनाले बलजफ्ती वा आफ्नो तरिकाले शव व्यवस्थापन गर्न पाउँदैन। त्यस्तो गुनासो हामीले पाएका छैनौं।

**० तर, प्रदेश ५ कै सांसद सहसराम यादवले यस्तो गुनासो गर्नुभएको छ नि ?**

– जलाउनु हुँदैन, खाल्डो खनेर पुर्नुपर्छ भन्ने कुरो त स्वास्थ्य मापदण्डले नै भन्छ। तर अन्तिम संस्कारको विधि विधानमा सम्बन्धित परिवारले सहभागी हुन पाइरहेका छन्। यदि छिटफुटमा यस्तो कहीं भएको छ भने अहिलेसम्म हामीले त्यस्तो गुनासो पाएका छैनौं। यदि त्यस्तो छ भने हामी नियन्त्रण गर्छौं। कसैको रितिरिवाज नै मास्न पाइँदैन भनेर नेपाली सेनालाई प्रष्टसँग निर्देशन जारी गरेका छौं।

**० संघीय सरकार र प्रदेश सरकारबीच कस्तो सहकार्य छ ?**

– यो कोरोना महामारीमा पनि संघीय सरकारले सहयोग गरेन भन्ने प्रदेश २ को जस्तो हाम्रो गुनासो छैन। कतिपय स्वास्थ्य सामग्रीहरु हामीले किनेर पनि पाइँदैन। जुन केन्द्रीय सरकारले नै व्यवस्था गर्नुपर्ने हुन्छ। बजारमा नपाइने सामग्रीहरु पर्याप्त मात्रामा केन्द्रले नै व्यवस्था गर्नुपर्छ भन्ने कुरा नै हो। हामीले भेन्टिलेटर, आईसीयु, अक्सिजन लगायत कुराहरु पर्याप्त मात्रामा सुविधा हुनुपर्छ भनेर माग गर्दा केन्द्रले पठाइरहेको छ। सकभर केन्द्रसँग सहकार्य भएकै छ। त्यस्तो असहयोग हामीले पाएका छैनौं।

**० केन्द्रमा पनि तपाइँहरुकै पार्टीको सरकार रहेकोले तपाइँहरुलाई प्रदेश २ भन्दा अलि बढी सहयोग भइरहेको हो कि ?**

– पार्टीकै कारणले हामीलाई बढी सहयोग र प्रदेश २ लाई कम सहयोग भन्ने कुरा हुँदैन। सरकार भनेको त कुनै पार्टी मात्रको होइन, सबैको हो नि। कुनै पार्टीको सरकारलाई विशेष ढंगले हेर्नुपर्ने अवस्था नै होइन। तर, त्यसको सीमितता छ। स्वाभाविकरुपले केन्द्रले जुन मात्रामा औषधि, पीपीई, भीटीएम लगायत अन्य स्वास्थ्य सामग्रीहरु आवश्यकताअनुसार कहिलेकाँही अपुग हुनसक्छ। तर अहिले अवस्थामा धेरै गुनासो छैन।

**० प्रदेशका केही संवैधानिक अधिकारहरु अहिलेसम्म संघीय सरकारले हस्तान्तरण गरेको छैन। यस्ता गुनासाहरु प्रदेश २ बाहेक अन्य प्रदेशले किन गर्न सकेनन् ?**

– प्रदेशका संवैधानिक अधिकारहरु संघले हस्तान्तरण गर्न सकेन भनेर हाम्रो पनि गुनासो हो। संघीयता कार्यान्वयनको सवालमा स्वाभाविकरुपमा कतिपय कुराहरु प्रदेशमा स्वतः आउनुपर्ने हो, त्यो अझ आइपुगेको छैन। हामीसँग चाहिने कर्मचारी पनि छैन। केन्द्रले कर्मचारी ऐन समयमा नबनाइदिएकोले हामीलाई कर्मचारी आपूर्तिमा अप्ठ्याराहरु भइरहेका छन्। प्रहरी ऐन पनि बनिसकेको छैन, सुरक्षा निकाय प्रदेशको मातहतमा आइसक्नुपर्ने हो त्यो आएको छैन। शिक्षाकै सवालमा सिटिइभीटीका कार्यक्रमहरु अझ पनि केन्द्रले नै राखिरहेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयकै कुरा गर्ने हो भने प्रदेश सरकारले गर्ने कामहरु केन्द्र सरकारले विभागमार्फत छुट्याएर गरिरहेको छ। यस्ता गुनासाहरु त छँदैछन्। यस्ता विषयहरुमा सबै प्रदेशको एकरुपता छ। संघीयता कार्यान्वयनको सवालमा केन्द्रले छिटोभन्दा छिटो कानूनहरु निर्माण गरी अधिकार हस्तान्तरण गर्नुपर्ने हामी सबै प्रदेशको साझा माग हो। किनभने जबसम्म केन्द्रले कानून बनाउँदैन तबसम्म हामीले कानून बनाउन पाउँदैनौं।

**० प्रदेश सरकारका अधिकारहरु संघले हस्तान्तरण गरोस् भनेर खुलेर अन्य प्रदेशहरुबाट आवाज आइरहेको देखिँदैन नि ?**

– प्रदेश २ ले अलि बढी बढाई चढाई राजनीतिक कुरा उचालेको हामी देख्छौं। केन्द्रमा अन्य पार्टीको सरकार भएकोले उनीहरुले अलि बढी बढाई चढाई राजनीतिक स्टन्ट गर्नु बेग्लै कुरा हो। हामी वास्तविक ढंगले नै जानुपर्छ। जे हो यथार्थमा त्यहीं कुरा नै गर्दै जानुपर्छ। त्यसो भएको हुनाले हामीले आवाजै नउठाएको, कुरै नगरेको र प्रदेश २ ले मात्रै कुरा गरेको भन्ने साँचो होइन। प्रधानमन्त्रीको अध्यक्षतामा मुख्यमन्त्रीहरु सदस्य रहेको अन्तर प्रदेश समन्वय परिषद्मा हामीले बारम्बार संघीयता कार्यान्वयनको सवालमा उल्लेखित अधिकारहरु हस्तान्तरण गर्नुपर्छ भनेर आवाज उठाएकै हौं। संघीय सरकारबाट भएका कमी कमजोरीहरु हाम्रा मुख्यमन्त्रीमार्फत् उठाएकै छौं।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# रोग, भोग र शोकको ताण्डव



मौसमी कुशवाहा

हाम्रो सोच यति उन्नतखालको छ "जो पढ्न सकेन वा कम पढ्यो, जीवनमा सफता प्राप्त गर्न सकेन भने त्यो शिक्षक र नेता बन्ने" बिडम्बना जो सम्पूर्ण राष्ट्र्लाई, जनतालाई अँध्यारोबाट उज्यालो र उन्नतिको बाटोमा लम्काउँछ वा सुनौंलो बिहानी देखाउँछ त्यहि पंगु जो सम्पूर्ण राष्ट्र्लाई उन्नति प्रगतिको मार्गमा डोऱ्याउँछ ।

रोगी नेपाल, भोगी सरकारको चलखेल र भोकाएको जनताहरुको जलेको उम्लेको पेट छोडेर मेरो दृष्टि र दिमाग मात्र कलम समात्न मान्छ । नेपाल धेरै कुराले सम्पन्न नभए पनि धार्मिक, जातीय विभेदता, रोगी, भोगी र भोकले परिपूर्ण, सम्पन्न र समृद्ध हो भनौं । वर्तमान समयलाई मध्यनजर गर्ने हो भने नेपाल लगायत सारा विश्व कोभिड-१९ को विषम प्रभावले बल्भिmएको छ । मानिसहरुको मूल्य किरा फटयाङग्रा जति पनि रहेन । चीनबाट इटली, अमेरिका, भारत, नेपाल लगायत अरु पनि कति राष्ट्रहरु छन् जुन अहिले पनि यो विश्व माहामारीबाट जुझेको छ । चैत्र ११ देखि भएको बन्दाबज्दी अहिले असोजको अन्तयसम्म पनि नखुलेर नेपालको जनजीवनको अवस्था दिनानुदिन भयाभह बन्दै गएको छ । देशमा काम र मामको अभावमा मानिसहरु आहत भएका छन् ।

नेपाली उखान "ताक परे तिवारी नत्र गोतामे" भन्ने भनाई यहाँ चरितार्थ भएको छ । जब राष्ट्र लगायत सारा नागरिक महामारीमा छन् तब औठे छाप नेताहरुलाई सेवा, सुविधा र सुरक्षाको साट्टो आफ्नो पेट र प्याकेट भर्नमा व्यस्त । हालको समयमा राष्ट्र तीन तहमा विभाजित छन् । एक रोगी नेपाल, दोस्रो भोगी सरकार र तेस्रो भोको जनता । यी तिनैको ताण्डव दिनरात नेपालमा भएको देखिराखेको छ । म आज भोली "कमेडी सो" हास्य कार्यक्रम नै हेर्न छोडि सकेछु । हाम्रो देशमा जुन राजनीतिक गतिविधि छ त्यो हेर्दा कमेडी सो पनि उराठलाग्दो भइसकेको छ । आर्थिक स्वास्थ्य, धार्मिक, राजनीतिक, शौक्षिक लगायत विकासका पाँचै पूर्वधारहरु रातदिन भ्याईनभ्याई आफ्नो आरिङ्ले चालका जुन योजनाहरु छन् त्यो सफल पार्नमा व्यस्त छन् । भोकाएको र बहुलाएको कुकुरले ऱ्याल जसरी चुहाउँछ त्यसरी सत्ता र कुर्सीमा बसेको सत्ताधारीले ऱ्याल चुहाएका छ । धर्मको नाममा सुरक्षाकर्मी कुटाएका छन् । दङ्गा भएको छ । स्वास्थ्यको नाममा करोडौं करोड घोटाला भएको छ । कृषिको नाममा घोटाला हरेक क्षेत्रमा मात्रा आफ्नो पकेट र पेटको चिन्ता मात्र रहेको छ ।

भोजपुरी भाषामा एउटा भनाई छ "चिरैई के जान जाए, लईका के खेलौना" भने झैं आज नेपाली जनताको हाल भएको छ । जनता आफ्नो ज्यानको लागि भिख माग्दै छ यता सरकार आफ्नो कुर्सीबाट पिलपिलाएको जनताको मृत्यु लीला हेर्दैमा व्यस्त ।जल्दोबल्दो उदाहरण; सुरुमा १५००० रुपैयाँमा पीसीआर हाल २००० रुपैयाँ मा गर्ने भएको छन् । रातारात यस्तो के चमत्कार भयो की ह्वातै त्यति मूल्य घट्यो । लुटन पनि कति लुटेको स्वास्थ्य व्यवसायीहरुले । प्रदेश २ को सरकारले पाएको बजेटबाट ४ करोड भोज भतेर मै स्वाहा ! हैन, भोजभतेमा नि कति खाने गर्छ ? यी भोकाहाहरुको कत्रो पेट कहिल्यै नभरिने । नेपाली नागरिक केन्द्र र प्रदेश सरकार लगायत स्थानीय निकायले मात्र लुट मचाउनमा ध्यानाकर्षण देखियो । प्रदेश २ को सिराहा नगरपालिकामा १११ थान तकिया खोलको मूल्य ३,१९,२७५ पर्ने भएको छ । एउटा तकिया खोलको मूल्य रु २८७६ परेको छ । अब बिचार गरौं हिरामोति नै जरेको छ कि के होला त्यो बिरामीको लागि किनेको तकियाको खोलमा कि २ हजार ८ सय ७६ मूल्य परेछ । त्यसतै ५११ तन्नाको ४५,०३,६१८ परेको छ । प्रति तन्नाको मूल्य ८ हजार ६१ परेको छ । कस्तो खालको तन्ना ? रेश्मी सुन जरेकै तन्ना कोरनटाईमा दिएको हो कि ? यति पनि लाज कसरी पचाएको स्थानीय सरकारले । अलिकति पनि न लाज नभएका निर्ल्लजहरुको कर्तुत लेख्न मेरो कलमलाई पनि लाज भयो ।

नेपाली नागरिक खाडि मुलुकहरुमा ६ महिनैदेखि काम नपाएर विजोग भएका छन् । खानको लागि पनि पैसा नभएको अवस्थामा स्वदेश फर्काउनुको साट्टो नेपाली दुतावासले हामी केहि गर्न सक्दैनौ भन्ने जवाफ फर्काएका छन् । केहि चलखेल पछि नेपाल सरकारले ७०० रुपैयाँ पर्ने हवाई भाडालाई तिन दोब्बर रु २७०० मा फर्काएका छन् । यता अष्ट्रेलियाबाट प्रति उडान १० लाख कमिसन खाएको छ । यस्ता सरकारसँग कस्तो आशा राख्ने हामी नेपाली जनता ?

टेलिभिजन, रेडियोदेखि हरेक टेलिफोन कलमा ३ ओटा उपाए प्रचार गर्दै आएका छन् । यी ३ उपाय २ मीटरको दुरी, भीडमा मास्क र बेलाबेलामा साबुन पानीले हात धुईरहने यी सरल उपायले कोरोना सर्दैन । नेपालमा ३६ लाख गरिखाने नेपालीले चैत्र ११ देखि काम गरेको छैन । उनीहरुको आम्दानी बन्द भएको छ । कति कर्मचारीले १/२ महिनाको तलब पाएको छ भने अरु सामान्यजनता भोकभोकै छन् । महिनौ देखिको बन्दाबन्दी र निषेधाज्ञाले घरभाडामा बस्ने नागरिकहरु सबैभन्दा बढी मर्कामा परेको छन् । लाखौं विद्यार्थी, व्यावसायीहरु घरको, बैंकको, बिजुली लगायत अनेकौं सरकारी कार्यालयको कर ब्याज तिर्न आहत भएका छन् । पेटमा खाना पाएको छैन । सरकारको साहूको ब्याज कहाबाट तिर्ने ? प्रधानमन्त्रीले धनी हुनको लागि कमाउने हो, भात खुवाउने जिम्मेदारी हाम्रो छ भन्ने कुरा संसदमा भने पनि त्यो भनाईको कुनै अर्थ आज देखिएको छैन् । बन्दाबन्दीको सुरुसुरुमा स्थानीय तहले केहि राहत वितरण गरेपछि अहिले दोहोऱ्याएर मुख नदेखाउने सरकार आखिर कहिलेसम्म यो निषेधाज्ञा ? कहिलेसम्म नेपाली जनतालाई भोकभाकै मार्ने ? यो प्रश्नको जवाफ कोही सँग छैन् । जनताले आफ्नो ब्याधा कोहीसँग भन्न नसक्ने, बिरामीले उपचार बिना मृत्युवरण हुनुपर्ने, भोक लागेको आवाज पनि घरको भित्ता छेडेर बाहिर नआउनु पर्ने, कसैलाई केही भन्नु पनि नपर्ने यस्ता संवेदशील संरचनामा जीवन बिताइ रहेको नेपाली भोको जनताको चित्कार नसुन्ने सरकार आखिर कहिलेसम्म यो भोक र मृत्युको ताण्डव ? सरकारी कर्मचारी, सभासद नेतादेखि राष्ट्रपति, प्रधानमन्त्रीको तलब, भत्ता केही नरोकिएको कारण आजसम्म कानमा तेल हालेर घोडा जस्तो सरकार सुतेका छन् । निषेधाज्ञा नलाए पनि कोराना नियन्त्रण गर्ने अनेकौ उपाए भए पनि सरकारसँग चितुवाको चाल र संरचना भए पनि क्रियाशिलता शङ्खेकिरा जस्तो !

हाम्रो सोच यति उन्नतखालको छ "जो पढ्न सकेन वा कम पढ्यो, जीवनमा सफता प्राप्त गर्न सकेन भने त्यो शिक्षक र नेता बन्ने" बिडम्बना जो सम्पूर्ण राष्ट्र्लाई, जनतालाई अँध्यारोबाट उज्यालो र उन्नतिको बाटोमा लम्काउँछ वा सुनौंलो बिहानी देखाउँछ त्यहि पंगु जो सम्पूर्ण राष्ट्र्लाई उन्नति प्रगतिको मार्गमा डोऱ्याउँछ । देशको सम्पूर्ण जनताको कमरेड हो । त्यहि अशिक्षित अपाङ्ग सोच, बुद्धि भएको जो हाम्रो राष्ट्रकै अभिभावक सम्पूर्ण जनताको जिम्मेवारी लिएको छ त्यहि पंगु हो, यो भन्दा ठूलो अभिशाप, लज्जायुक्त कुरा ठूलो दुर्भाग्य भन्दा अरु कुरा के छ । त्यो राष्ट्रको कस्तो भविष्य रहला ? दुःखको कुरा यस्ता पंङ्गुहरुको हातमा राष्ट्रको बागडोर समात्न पुगेका छन् । जो आफै शिक्षाको प्रकाशबाट बञ्चित छ त्यो के जनतालाई उज्यालो भविष्य र सुनौंलो बिहानी हेराउँला ? राष्ट्रको जुन राजनीतिक खेलको धरातल छ त्यो खेलको खेलाडी र खेल्ने गोटि समय अनुसार समान नै रहिरह्यो । जबसम्म खेलाडी र गोटि बदिल्दैन तबसम्म यो ताण्डव भई नै रहन्छ । हामी नेपालीहरुको ठूलो समस्या कोही सँग प्रश्न नै न गर्नु हो । कोही एक दुई-जनाले गरे पनि सबभन्दा पहिले आफ्नै आफन्त हुन्छ । चुप गराएको हुन्छ हप्काएको हुन्छ ।

वर्तमान समयमा सम्पूर्ण संसार यो कोराना भाइरसको आतङ्कले खलबलिएको छ । अहिलेसम्म कुनै भ्याक्सिन बन्न सकेको छैन् । तर एक न एक दिन भ्याक्सिन आउँछ नै र कोरोना भाग्छ नै । तर जुन भाइरस हाम्रो सोचमा छ दुई जिब्रे मुखौटाधारीहरुको मस्तिष्क मै पुस्तौदेखि, युगौदेखि जरो गाडेर बसेछ, त्यो भाईरसको अन्त्य कहिले ? कहिलेसम्म उस्को आतङ्कको शिकार हामी हुने ? हामी र हाम्रो देश कहिले निरोगी हुने ? सरकारको कुपोषित सोचको शिकार हुनबाट हामी कहिले स्वस्थ्य हुने ? को देला यो प्रश्नहरुको जवाफ ? कि अन्त्यमा हेपटाईटिस बि जस्तै यो कोरोना जस्तै हामी दैनिक जीवनसँगै समायोजन भई डर, लाज, पचाएरै जीवन बिताउने छौं ?

# आधिकारिक ट्रेड युनियनको निर्वाचनविरुद्ध आन्दोलन गर्ने मधेशी निजामती कर्मचारी मञ्चको चेतावनी

काठमाडौं। आधिकारिक ट्रेड युनियनको हुन लागेको निर्वाचनको विरुद्ध नेपाल मधेशी निजामती कर्मचारी मञ्चले आन्दोलन गर्ने चेतावनी दिएको छ ।

निजामती कर्मचारीहरुको पेशागत संरक्षण, पहिचान र मर्यादालाई व्यवस्थित र वैज्ञानिक वनाउन निजामती सेवा ऐनले पेशागत समृद्धिको लागि कर्मचारीहरुलाई ट्रेड युनियन अधिकार प्रदान गरेको छ ।

सोही अधिकार अभ्यासको लागि गठित राष्ट्रिय स्तरका ट्रेड यूनियनहरुको भूमिकालाई व्यवस्थित गर्न आवधिक निर्वाचन मार्फत आधिकारीक ट्रेड युनियन गठन हुने प्रावधान वमोजिम आगामी असोज २४ गते हुने भनिएको निर्वाचन सम्वन्धी अगाडी बढाइएको कार्यक्रमहरु उपर मञ्चको गम्भिर ध्यानाकर्षण भएको जनाएको छ । मञ्चका अध्यक्ष भुवनेश्वर चौधरीले मंगलबार एक विज्ञप्ति जारी गरी आन्दोलनको चेतावनी दिएका छन् ।

निर्धारित १० प्रतिशतको थ्रेसहोल्ड मापदण्डलाई ३ प्रतिशत कायम गरिनुपर्ने माग मञ्चको छ । अध्यक्ष चौधरीले यसो गरिए सबैको प्रतिनिधित्व हुने सुनिश्चित र यही नै समावेशिताको सिद्धान्त रहेको दाबी गरेका छन् ।

'निर्वाचनको लागि हालै सार्वजनिक मापदण्ड फगत पुरातनवादको निरन्तरता मात्र हो। यस निर्वाचनमा लोक सेवा आयोगवाट हालै स्थानिय निकायको लागी छनौट गरिएको हजारौ निजामती कर्मचारीहरुलाई मताधिकारवाट वञ्चित गरिएको छ। स्वास्थ्य सेवाका कर्मचारीहरुलाई निर्वाचन प्रकृयामा निषेधित गरिएको छ।' उनले भनेका छन्। उनले भने, 'हाम्रा माँगहरुलाई वेवास्ता गरी निरंकुश शैलीमा सरकारले गराउन थालेको उक्त निर्वाचन कुनै पनि हालतमा हामीलाई मान्य हुने छैन भनी यसै प्रेस विज्ञप्ती मार्फत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गर्दछौ।'

नेपाल मधेशी निजामती कर्मचारी मञ्च निजामती सेवामा रहेका मधेशी, आदीवासी, जनजाति, थारु, दलित, मुस्लिम, महिला तथा अल्पसंख्यक लगायतका समाजिक रुपमा वञ्चितिकरणमा परेका समुदायवाट प्रतिनिधित्व गर्ने सवै निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियनमा प्रतिनिधित्व चाहन्छन् ।

सिधान्ततः कुनै पनि निर्वाचन पद्धती वा प्रकृया सर्वस्वीकार्य हुनु पर्दछ, सर्व हिताय हुनु पर्दछ र सर्व चिताय हुनु पर्दछ। तर उक्त निर्वाचनले उपरोक्त कुनै पनि वस्तुनिष्ठ सुचकहरुलाई सम्वोधन गर्न चाहेको छैन, गरेको छैन भनी ठहर मञ्चको छ। मञ्चले तत्काल निर्वाचन स्थगनको माग गरेको छ। मञ्चका मागहरु सम्बोधन गर्दै मञ्चको सहभागिता शुनिश्चित गरी निर्वाचनको नयाँ मिति सार्वजनिक गर्नसमेत माग गरिएको छ। अन्यथा निर्वाचन विरुद्ध आन्दोलनको विकल्प नरहने समेत विज्ञप्तिमार्फत चेतावनी दिनुका साथै सम्पूर्ण निजामती कर्मचारीहरुलाई यस्तो विभेदकारी निर्वाचनको विरुद्ध सवै एकजुट भई आन्दोलनका लागि तयार रहन अध्यक्ष चौधरीले अपिल गरेका छन्।

## नाई श्रमिकहरुद्वारा प्रदर्शन

काठमाडौं। लामो समयदेखिको बन्दाबन्दीका कारण पूर्णरुपमा व्यवसाय ठप्प भएका नाई श्रमिकहरु आफ्नो व्यवसाय सञ्चालनको माग गर्दै काठमाडौंमा प्रदर्शन गरेका छन्। ब्युटी पार्लर र सैलुन व्यवसाय सञ्चालनको माग गर्दै मंगलबार संयुक्त नाई श्रमिक संघर्ष समितिले आफ्ना औजारसहित माइतीघर मण्डलमा विरोध प्रदर्शन गरेको छ। नेपालमा गत चैत ११ गतेदेखि सुरु भएको लकडाउनदेखि हालसम्म नाई श्रमिकहरुले आफ्नो व्यापार व्यवसाय सञ्चालन गर्न पाइरहेका छैनन्। अन्य व्यवसायहरु सञ्चालन गर्न अनुमति दिएपनि सैलुन र ब्युटि पार्लर सञ्चालन गर्न अनुमति सरकारले दिएको छैन। लामो समयदेखिको व्यवसाय बन्दका कारण दुई छाक खान पनि समस्या भइरहेको, घरभाडा तिर्न नसकेको र घरबेटीबाट अपमानजनक व्यवहारसमेत सहन परिरहेको नाई श्रमिकहरुको गुनासो छ। देशैभरिका सबै सैलुन तथा पार्लरहरु स्वास्थ्य मापदण्डअनुसार खोल्न पाउनुपर्ने, सम्पूर्ण नाई श्रमिकहरुलाई तुरुन्त राहतको व्यवस्था गरिनुपर्ने, लकडाउन अवधिको नाई श्रमिकहरुको बैंक ब्याज मिनाहा हुनुपर्ने, लकडाउन अवधिभरको नाई श्रमिकहरुलाई मासिक २५ हजारको व्यवस्था हुनुपर्ने माग आफूहरुको रहेको नेपाल नाई ट्रेड युनियनका केन्द्रीय अध्यक्ष गजेन्द्र ठाकुरले मधेशवाणीलाई बताएका छन्। यसैगरी, उनले देशैभरका नाई श्रमिकहरुलाई निःशुल्क पीपीई सेट वितरण गरिनुपर्ने र देशैभरिका सम्पूर्ण नाई श्रमिकहरुलाई कम्तीमा ५० लाख रुपैयाँको जीवन बीमामको व्यवस्था गरिनुपर्ने मागसहित प्रदर्शन गरिरहेका छन्। नेपाल नाई ट्रेड युनियन, अखिल नेपाल राष्ट्रिय नाई मजदुर संघ, नेपाल नाई संघ लगायतका नाई श्रमिकहरुले आन्दोलन सुरु गरेका छन्।

## मधेश अपडेट

### वीरगञ्जमा १५ दिन निषेधाज्ञा थप

वीरगञ्ज। वीरगञ्जमा जारी निषेधाज्ञा १५ दिन थपिएको छ। जिल्ला सुरक्षा समितिको बिहीबार बसेको बैठकले महानगर क्षेत्रभित्र जारी निषेधाज्ञालाई असोज १५ गतेसम्म थप गरेको हो। संक्रामक रोग ऐन २०२० बमोजिम जारी निषेधाज्ञालाई अशोज १५ गते राति १२ बजेसम्मका लागि थप गरिएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ। यद्यपि सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा सबै कार्यालय, निकाय एवम् संघसंस्थाहरुलाई बिहीबारदेखि नै सेवा प्रवाह गर्न दिइएको छ। महानगरमा निषेधाज्ञा जारी गरिए पनि बिहीबारदेखि नै लामो तथा छोटो दूरीका यातायात सेवा पनि सुचारु गर्न दिइएको छ। लामो तथा छोटो दूरीको यातायात सञ्चालन गर्दा सिट क्षमता भन्दा ५० प्रतिशत मात्रै यात्रु राख्नु पर्ने, भौतिक दूरी कायम हुने गरी एक तर्फका सिटमा एक जनामात्रै यात्रु राख्ने, सबै यात्रुले मास्क लगाउनु पर्ने, सिटमा बढी यात्रु राख्न नपाउने, गाडीको ढोकामा सेनिटाईजरको व्यवस्था गर्नुपर्ने, चालक तथा सहचालकले मास्क, पञ्जा, फेस सिल्ड लगाउनुपर्ने, दैनिक रुपमा गाडीलाई निसंक्रमण गर्नुपर्नेछ। यस्तो व्यवस्था लागु रहेसम्म तोकिएको भाडादर भन्दा ५० प्रतिशत बढी भाडा लिन सक्ने जनाइएको छ।

### प्रदेश २ मा संक्रमित बढ्दै

जनकपुरधाम। प्रदेश २ मा २७५ जना नयाँ कोरोनाका संक्रमित थप भएका छन्। लकडाउन खुकुलो भए सँगै प्रदेशमा पुनः संक्रमण बढ्न थालेको हो। केही दिनदेखि घट्दै आएको संक्रमणको दर केही जिल्लामा पुनः बढ्न लागेको स्वास्थ्य निर्देशनालय प्रदेश २ ले जनाएको छ। प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुर, नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज र गजेन्द्रनरायण सिंह अस्पताल राजविराजमा गरिएको परीक्षणमा बुधबार दुईजना महिला र २७३ जना पुरुष गरी २७५ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको स्वास्थ्य निर्देशनालय प्रदेश २ ले जनाएको छ। यो सँगै प्रदेश २ मा कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या बाह्र हजार ४८९ पुगेको छ। सिरहामा सबैभन्दा बढी २५९ जना, महोत्तरीमा एक जना, पर्सामा पाँच जना, रौतहटमा एक जना र सप्तरीमा आठ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो। यस्तै प्रदेश २ मृत्यु हुनेको संख्या ११३ पुगेको छ।

### आइसोलेसनका लागि १ करोड १० लाख

विराटनगर। आइसोलेसन केन्द्र व्यवस्थापनका लागि प्रदेश १ सरकारले स्थानीय तहलाई १ करोड १० लाख बजेट दिएको छ। प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले प्रदेश सरकारले स्थापना गरेको कोरोना जनसुरक्षा कोषबाट आइसोलेसन केन्द्र स्थापना तथा सञ्चालनका लागि उक्त रकम निकासा गरेको बताएका हुन्। मुख्यमन्त्री राईका अनुसार प्रदेश सरकारले मोरङको सुनवर्षी, रतुवामाई नगरपालिकालाई १०/१० लाख, धनपालथान, जहदा र कटहरी गाउँपालिकालाई ५/५ लाखका दरले बजेट उपलब्ध गराइएको जनाएको छ। यसैगरी, उदयपुरको चौदण्डीगढी नगरपालिकालाई १० लाख, झापाको गौरीगन्ज र कमल गाउँपालिकालाई ५/५ लाख, इलाम अस्पताललाई १० लाख, उदयपुर अस्पतालाई १५ लाख, झुम्का कारागारलाई १० लाख बजेट उपलब्ध गराएको राईले बताए। सुनसरी जिल्लाको क्वारेन्टिन, आइसोलेसन र होल्डिङ्ग सेन्टरको व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालय सुनसरीलाई १० लाख र प्रदेश प्रहरी कार्यालय परिसरस्थित आइसोलेसन केन्द्र व्यवस्थापनका लागि १० लाख बजेट उपलब्ध गराएको हो।

### नेपाल-भारत सीमानाका निरीक्षण

वीरगन्ज। जनता समाजवादी पार्टी नेपालका संघीय सांसद र सुरक्षा निकायसहितको टोलीले पर्साको नेपाल-भारत सीमानाकाको निरीक्षण गरेको छ। सशस्त्र प्रहरी बल प्रदेश २ का प्रमुख सशस्त्र प्रहरी नायव महानिरीक्षक डिआईजी कृष्णभक्त ब्रह्मचार्य सहितको सुरक्षा निकायको टोलीले भारतसँग सीमा जोडिएको पर्साको विभिन्न सिमा नाकाको निरीक्षण गरेका हुन्। सुरक्षा निकायको टोलीद्वारा वीरगञ्जको मुख्य भन्सार नाका मितेरी पुलको जर्जर अवस्थाको अवलोकन तथा इनर्वा, बलिरामपुर, छपकैया, भिस्वा, जानकी टोला लगायतका नाकामा पुगेर अवस्थाबारे जानकारी लिएको छ। कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि सरकारले सीमा सिल गरेपनी खुला सीमाको कारण भारतबाट नेपालतर्फ मानिसको आवात जावत तथा अवैध चोरी पैठारीलाई नियन्त्रण गर्न सुरक्षा निकायका प्रमुखहरु निरीक्षण गरेका हुन्। निरीक्षणका क्रममा पर्साका सांसदद्वय लक्ष्मणलाल कर्ण, प्रदिप यादव, पर्साका प्रमुख जिल्ला अधिकारी अस्मान तामाङ, जिल्ला समन्वय समितीका सभापति नेक महमद अंसारी, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खडका लगायतको उपस्थिति रहेको थियो।

### जानकी गापा-३ मा जनमतको अधिवेशन सम्पन्न

नेपालगन्ज। जनमत पार्टी बाँकेले जानकी गाँउपालिका-३ अधिवेशन सम्पन्न गरेको छ। मंगलबार इन्द्रपुरको वडा समिति इसारत अलि शेषको अध्यक्षतामा ११ सदस्यीय समिति चयन गरेको छ। यसैगरी, उपाध्यक्षमा विश्वनाथ बर्मा, कोषाध्यक्षमा पूजा सोनी र सचिवमा राम कुमार नाग चयन भएका छन्। सदस्यहरु तिरथराम गडाडिया, उमेश गिरी, माधवराम बर्मा, धर्मराज गिरी, ख्याली शाहू, कृष्ण वती गडाडिया तथा बन्दना कुमारी बर्मा रहेका छन्। कार्यक्रममा प्रमुख अतिथि इरफान अहमद शेष रहेका थिए भने अन्य नेताहरु हरपाल सिंह, जिल्ला अध्यक्ष रियाज अहमद शेष, जिल्ला सचिव राजितराम बर्मा, डुडुवाका अध्यक्ष अब्दुल वाहिद शेष, जाबिर हल्वाई, मोहम्मद हुशेन, शैलेन्द्र कर्ण, के.स.बिष्णु यादव, विद्यार्थी जनमत संघ बाँकेका अध्यक्ष रियाज अंसारी, जिल्ला उपाध्यक्ष दिपक पासी, हेमराज धोबी, विद्यार्थी जनमत संघका केन्द्रीय सदस्य अक्षय सोनकर, बिन्देश मौर्या शुनिल बर्मा लगायत नेताहरूको व्यापक सहभागिता रहेको थियो। यसैगरी, कांग्रेस, कम्युनिस्ट राप्रपा, जनता समाजवादी त्याग गरि लगभग ५ दर्जनभन्दा बढी नेता कार्यकर्तालाई जनमत पार्टीमा केन्द्रीय नेता इरफान अहमद शेषले प्रवेश गराएका थिए।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

कैलाली। धनगढी उपमहानगरपालिकामा २४ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा बझाङ बित्थडचिर गाउँपालिका-२ बस्ने ३५ वर्षीय कलक बहादुर बोहरालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ। बोहरा शिक्षण पेशामा संलग्न रहेको बुझिएको छ। बिहीबार दिउँसो बोहराले ती महिलाको कोठामा गई धाकधम्की दिई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### हत्या आरोपमा तीन जना जेल चलान

रौतहट। मादक पदार्थ सेवन गराइ बन्धक बनाएर युवकलाई घाँटी रेटी हत्या गरेको अभियोगमा पक्राउ परेका ७ जनामध्ये ३ जनालाई जिल्ला अदालत रौतहटले पुर्पक्षका लागि थुनामा राख्न आदेश गरेको छ। घट्नामा पीडितले मुख्य योजनाकार भनेर किटानी जाहेरी दिएका नर्सरी सञ्चालक भने साधारण तारेखमा छुटेका छन्। गरुडा नगरपालिका-८ जिंगडिया टोलका निरन्जन रामको साउन ३१ गते धारिलो हतियारले घाँटी रेटेर हत्या भएको थियो। हत्या गरेको आरोपमा पक्राउ परेका गाउँकै अर्जुन राम, अजयकुमार रन्जन र शेख आजादलाई जिल्ला अदालत गौरले पुर्पक्षका लागी कारागार पठाउने आदेश गरेको हो। पक्राउ परेका ७ जना मध्ये निरन्जन कार्यरत नर्सरीका सञ्चालक राजाराम साहलाई प्रमाण नपुगेको भन्दै अदालतले साधारण तारेखमा छाडेको छ। त्यस्तै, घट्नामा पक्राउ परेको १९ वर्षीय विवेकराय यादवको उमेरका कारण पुनःस्थापना केन्द्र पठाउने आदेश भएको छ। अर्का सिकिन्द्र पासवानको मनस्थिति ठिक नभएकाले तत्काल उपचारका लागि पठाउने र ठिक भएपछि अदालत पेश गर्ने आदेश भएको छ।

### सब-स्टेशनबाट विद्युत सेवा सुरु

कपिलवस्तु। कपिलवस्तुको महाराजगंज सब-स्टेशनबाट विद्युत सेवा सुचारु भएको छ। नेपाल विद्युत प्राधिकरणको वितरण प्राणली सुद्धीणीकरण तथा विस्तार आयोजना अन्तरगत महाराजगंजमा सब स्टेशन निर्माण गरिएको हो। नेपाल विद्युत विद्युत प्राधिकरणले कपिलवस्तुको महाराजगंज नगरपालिका १ मा निर्माण गरिएको सब स्टेशनबाट विद्युत सेवा सुचारु गरेको हो। विद्युत पहुचबाट टाढा रहेको जिल्लाको हरदौना, कुशहवा जस्ता गाँउमा विद्युत प्रवाह गर्नका लागि महाराजगंज सव स्टेशनबाट विद्युत सेवा सुचारु गरिएको कृष्णनगर विद्युत प्राधिकरणका प्रमुख मक्सुद आलम शेखले जानकारी दिए। महाराजगंजमा सब स्टेशन नहुदा चन्द्रौष वितरण केन्द्रबाट विद्युत प्रवाह हुदै आएको थियो। महाराजगंज सव स्टेशनलाई चर्जा गरी जिल्लाको विद्युत सेवालाई चुस्तदुरुष्त बनाइएको कृष्णनगर प्राधिकरणका प्रमुख शेखले जानकारी दिए।

# निधिले सभापति जित्न तयारी थाल्नुपर्छ



सिताराम मेहता

नेपाली कांग्रेसको आसन्न १४औं महाधिवेशन तोकिएकै मितिमा हुने कुनै सम्भावना छैन । दिनहुँ कोरोना भाइरसका विरामीहरु बढिरहेका छन्, संक्रमण फैलिँदै गएको छ । यो अवस्था हेर्दा तोकिएको तिथिमितिमा होला जस्तो लाग्दैन । तोकिएको मितिमै महाधिवेशन गर्नुपर्छ भन्ने किसिमको तयारी पनि छैन । प्रदेश २ का आठवटा जिल्लाले लेखेर दियो कि अहिले महाधिवेशन गराउनै सकिँदैन । अहिलेसम्म प्रदेश २ मा क्रियाशील सदस्यता बाँडिएको छैन, नवीकरण पनि भएको छैन ।

म अहिले प्रदेश नं. १ को सुनसरी जिल्लामा छु । प्रदेश १ मा पनि त्यो किसिमको तयारीहरु भइरहेको छैन । यहाँ पनि नवीकरणका लागि फाराम मात्र दिइएको छ, प्रक्रिया अगाडि बढेको छैन । शनिबार मात्रै सुनसरी जिल्लाका सबै क्षेत्रीय सभापतिहरुलाई नवीकरण फाराम जिम्मा लगाइएको छ । यसले मुलुकभर पनि यस्तै अवस्था छ । त्यसैले कुनै पनि हालतमा तोकिएको समयमा महाधिवेशन हुँदैन । कोरोनाले गर्दा जुन भयावह स्थिति छ, त्यसले गर्दा दुई चार महिना थप्नुपर्छ ।

नेपाली कांग्रेसमा देखिएका विवादहरु भागवण्डा नमिलेर मात्रै उत्पन्न भएको हो । भागवण्डा नमिलेकै कारण विवादहरु भइरहेका छन् । महाधिवेशनको मिति तोकिसकेपछि जसरी सभापतिले विभागहरु गठन गर्नुभयो त्यो पनि विवादको कारण रहेको छ । यो विभाग गठन गर्ने काम समयमै हुनुपर्ने थियो । तर भएन । एकथरिले समयमा विभाग गठनका लागि नामहरु उपलब्ध नगराउने, अर्कोथरिले गर्न नसक्ने । त्यसैले भागवण्डाका कारणले विवादहरु उत्पन्न भइरकेका छन् । विभाग गठन गर्ने तयारी सुरुदेखि नै गरिएको थियो । तर एकथरिले नामै नदिने, आजभोली गर्दै ढिलो भयो । नाम नदिए पनि समयमै विभागहरु गठन गर्नुपर्दथ्यो । अहिले जसरी विभागहरु गठन गरिएको छ, यसरी नै सुरुमा नै गर्दा हुन्थ्यो ।

नेपाली कांग्रेसको यो महाधिवेशनमा थुप्रै जना सभापतिका उम्मेदवार देखिएका छन् । जति पनि गुट-उपगुटहरु छन्, सबै दाबी गरिरहेका छन् । जति उम्मेदवार भएपनि जित्ने एक जना नै हो । एक जना सभापति हुने हो । अहिलेसम्म तीन चार जना सभापतिका प्रत्याशीको रुपमा हामीले हेरिरहेका छौं ।

यसपटक सभापतिका लागि उपसभापति विमलेन्द्र निधिजी पनि आकांक्षी देखिनुभएको छ । सभापति शेरबहादुर देउवा र निधि मिलेर आउनुभयो भने एक जना जित्न सक्नुहुनेछ । अहिलेसम्म दुवै जनाले नै आआफ्नो चाहना व्यक्त गर्नुभएको छ । तर, उहाँहरुले एकआपसमा सहमति गरेर कोही एक जना सभापतिका लागि उम्मेदवार बन्नु पर्छ । उहाँहरुमध्ये जो कोही पनि उम्मेदवार बन्नुभयो भने एक अवश्य नै जित्नुहुन्छ ।

देउवाले चाहनु भयो भने निधिले सभापतिमा जित्न सक्नुहुन्छ । तर, पहिला उहाँहरुले को सभापतिका लड्ने भन्ने टुंगो लगाउनु पर्‍यो । उहाँ दुवै जना राजनेता हुनुहुन्छ । देउवा चार पटक प्रधानमन्त्री भइसक्नुभयो, सभापति पनि चलाइसक्नुभयो । उहाँहरुले राष्ट्रको वस्तुस्थिति हेरेर निर्णय लिनु हुनेछन् ।

नेपाली कांग्रेसमा नयाँ पुस्ता आउनुपर्छ भन्ने आवाजहरु पनि उठिरहेका छन् । तर, अहिले जति पनि सभापतिका आकांक्षी हुनुहुन्छ, उहाँहरु ६५ वर्षभन्दा कोही पनि कम छैनन् । ६५ भन्दा माथिकै नेताहरुको नाउँ आइरहेका छन् । कि नयाँ अनुहार आउपर्‍यो कि युवालाई दिनुपर्‍यो । परिवर्तनको सम्वाहक युवालाई भन्ने तर नेतृत्वको जिम्मा ६५-७० वर्षकाले लिने । यो त भएन नि ।

अहिलेसम्म मधेश मूलका कोही पनि नेताले सभापतिका लागि आकांक्षी देखिएका थिएनन् । यस पटक मात्रै विमिलेन्द्र निधिले सभापति हुने आकांक्षा व्यक्त गर्नुभएको छ । उहाँले यदि वास्तवमै सभापति हुने आकांक्षा राख्नुभएको छ भने त्यो किसिमको तयारी गर्नुपर्छ । उहाँ यदि कांग्रेसको सभापति हुनुभयो भने राम्रै होला ।

# उच्चस्तरीय वार्तामार्फत नेपाल–भारत सम्बन्ध सुधार्न आग्रह

काठमाडौं । चिसिएको नेपाल-भारतबीचको सम्बन्ध सुधार्न कूटनीतिक पहलमार्फत उच्चस्तरीय वार्ता गर्न विज्ञहरुले सुझाएका छन् । उनीहरुले नेपाल-भारत सिमानामा रहेको नेपालको भूमि लिपुलेक, लिम्पियाधुरा र कालापानीबाट भारतीय सैनिक फिर्ता पठाउनुपर्ने र दुई देशबीचमा भएको समस्यालाई कूटनीतिक पहलमार्फत समाधान गर्नुपर्नेमा जोड दिएका छन् ।



'मित्रराष्ट्र भारतसँगको सम्बन्धको समस्याको प्रमुख जरो पत्ता लगाउनुपर्छ, उच्च कूटनीतिक पहलमार्फत दुई देशमा देखिएका समस्याको समाधान गर्न जरुरी छ" पूर्वउपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले भने, "सार्वभौमसत्ताको सिद्धान्त, पारस्परिक लाभ र साझा हितका निम्ति दुवै देशको हितअनुकूल काम गर्नुपर्छ ।' उनका अनुसार देशमा कुनै पनि प्रकारको बाह्य हस्तक्षेप सैह्य हुँदैन । नेपाललाई हेर्ने भारतको दृष्टिकोण सार्वभौमसत्ता मुलुकको रूपमा हुनसकेको छैन ।

'इतिहासदेखि लादिएका सीमाको समस्या छ, नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्न बन्द गर्नुपर्छ, दुवै देशको आवश्यक चासोलाई मिलेर समाधान गर्नुपर्छ', नेकपाका प्रवक्तासमेत रहेका श्रेष्ठले भने, 'सन् १९५० को सन्धिले दुई देशको सम्बन्धलाई परिभाषित गर्न खोजे पनि सार्वभौमसत्ता सम्पन्न देशबीच असमान, कुन्ठित खालको छ, त्यो १९५० सन्धिलाई खारेज गरी नयाँ तरिकाले अघि बढनुपर्छ ।' उनले नेपालाई हेर्ने भारतको दृष्टिकोण, नीति, निर्णयमा समस्या रहेको स्पष्ट पारे ।

नेपाल-भारत सिमानामा रहेको भूभाग लिम्पियाधुरा, लिपुलेक र कालापानीको समस्या समाधानका सरकारले संविधान संशोधन गरिसकेको छ । नेपालले दुई देशबीचको समस्या समाधानका लागि पटक-पटक कूटनीतिक नोटसमेत भारतलाई पठाइसकेको छ ।

पूर्वमन्त्री तथा नेपाली काँग्रेसका नेता डा मिनेन्द्र रिजालले नेपाल-भारत सम्बन्धमा अतिक्रमित भूभाग कसरी फिर्ता गर्ने भन्ने विषय मुख्य भएको बताए । उनले चीनको उपस्थित नेपालमा हुनुलाई भारतले अन्यथा लिन नहुने भन्दै दुवै छिमेकी मुलुकमा नेपालको उचितकै सम्मान रहेको बताए ।

पूर्व अर्थ तथा परारार्ष्ट्रमन्त्री डा.प्रकाशचन्द्र लोहनीले नेपालले आफ्नो राष्ट्रिय स्वार्थलाई ध्यानमा राखेर भारतसँगको सम्बन्धलाई अगाडि बढाउनुपर्ने बताए । 'नेपालको सरकार र राज्य बलियो हुनुपर्छ, नेपालले भारत र चीनसँगको सम्बन्धमा दुवैलाई विश्वास दिलाएर लैजान सक्नुपर्छ', उनले भने ।

भारतका लागि नेपाल सबैभन्दा ठूलो बजार भएकाले उसले नेपाललाई सुविधा दिएको उल्लेख गर्दै उनले भने, 'नेपालको कमजोरीलाई लिएर भारतले खेल्ने काम गर्नुहुँदैन, अवरोधहरु हटाउनुपर्छ । नेपालले आफ्नो भूमि गुम्न नदिने तरिकाले अडान र बलियो भएर जानुपर्छ, सरकार बलियो र नेपालीमा एकता बलियो हुनुपर्छ ।'

'नेपाल आन्तरिक रूपमा बलियो हुन जरुरी छ, भारतलाई देशमा प्रयोग गर्ने कुनै पनि ठाउँ दिन हुँदैन, प्रशासन, गुप्तचर खटाउने काम गरेको छ', पूर्वसचिव तथा पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले भने, 'नेपाल आन्तरिकरूपमा बलियो हुनुपर्छ र भारतलाई नेपालको कुनै पनि विषयमा प्रवेश गर्नबाट रोक्नुपर्छ ।'

# लोकतान्त्रिक प्राध्यापक संघका अध्यक्ष र उपाध्यक्षविरुद्धको मुद्दा फिर्ता लिन जसपाको आग्रह

काठमाडौं । लोकतान्त्रिक प्राध्यापक संघका अध्यक्ष तथा उपप्राध्यापक डा.उदयकिशोर तिवारी र उपाध्यक्ष तथा सहप्राध्यापक गीता श्रेष्ठमाथि पाटन अदालतमा लगाइएको मुद्दा फिर्ता लिन जनता समाजवादी पार्टी नेपालले माग गरेको छ ।

जसपाका अध्यक्ष महन्थ ठाकुरले सोमबार एक विज्ञप्ति जारी उपप्रधाध्यापक डा. तिवारी र सहप्राध्यापक श्रेष्ठविरुद्ध दायर गरिएको मुद्दा फिर्ता लिई वार्ता र सम्वादको माध्यमले समस्याको उचित समाधान गर्न आग्रह गरेका हुन् ।

डा.तिवारीको नेतृत्वमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति, रेक्टर र रेजिष्ट्रारको कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरिएको थियो । सोही तालाबन्दीको विरुद्धमा त्रिवि प्रशासनकै इशारामा आफूविरुद्ध मुद्दा दर्ता गरिएको आरोप उनले लगाएका छन् ।

मुलुकको समृद्ध र समाजिक न्यायको लागी हुने गरेको सम्पूर्ण शान्तिपूर्ण आन्दोलनमा प्राध्यापकहरुले पनि राजनीतिक शक्तिसंग सहकार्य गर्दै आफ्नो भूमिका पेशागत इमान्दारिता र लगनशिलताका साथ निर्वाह गर्दै आइरहेका छन् ।

मुलकको उच्च शिक्षाको प्रमुख दायित्व बोकेको त्रिभुवन विश्वविद्यालयमा पछिल्लो समय भैरहेको अनियमितता, राजनीतिकरण एवं असमावेशी नियक्तिहरुको विरुद्धमा तालाबन्दी गर्न बाध्य भएको उनी बताउँछन् ।

वर्तमान सरकारवाट मान्य समावेशी सिद्धान्त विपरित नियुक्त त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरुले प्राज्ञिक संस्थाको जिम्मेवारी अनुरुपको गरिमा राख्न नसक्दा विश्वविद्यालय अन्वेषन र चिन्तनको थलोभन्दा विसंगतीपूर्ण वर्चस्ववादी मानसिकताको खेल मैदान बन्दै जान् दु:खद भएको ठाकुरले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

राष्ट्रिय लोकतान्त्रिक प्राध्यापक संघ नेपालले त्रि.वि.लाई प्राज्ञिक सशासन र बौद्धिक शोषण रहितको केन्द्र बनाऔं भन्ने उदघोषका साथ प्राज्ञिक, शैक्षिक एवं प्रशासनिक पदको नियुक्ति नेपालको संविधानको मर्म र भावना अनुसार समानुपातिक समावेशी रुपमा गराउन दबावमुलक कार्यक्रम गर्दै आएको छ ।

'तर संबादवाट सामाधान खोज्नुपर्ने प्रक्रियातर्फ भन्दा राष्ट्रिय लोकतान्त्रिक प्राध्यापक संघ लगायत प्राध्यापकहरुको नेतृत्व प्रति वदनियतपूर्ण मनसाय राखेर मुद्दा दायर गर्ने कार्यले द्वन्द झनै बढने देखिएको छ ।' विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रिय लोकतान्त्रिक प्राध्यापक संघको केन्द्रीय अध्यक्ष उपप्रा. डा. उदय किशोर तिवारी र उपाध्यक्ष सहप्रा. गीता श्रेष्ठ माथीको मुद्दा अबिलम्ब फिर्ता लिएर वार्ता र सम्बादको माध्यमवाट समस्याको उचित सामाधान गर्न जनता समाजवादी पार्टी, नेपाल सरकार एवं त्रि.वि. प्रशासन समेतलाई आग्रह गर्दछ ।'

# भारतद्वारा आपतकालीन राहत सामग्री प्रदान

काठमाडौं । भारत सरकारको तर्फबाट नेपाल भारत महिलामैत्री समाजलाई आपतकालीन राहत सामग्री प्रदान गरिएको छ । भारतीय राजदूतावासका नियोग उप-प्रमुख नामग्य सी.खम्पाले प्रतिनिधिसभा सदस्य तथा नेपाल-भारत महिला मैत्री समाजका अध्यक्ष चन्दा चौधरीलाई आपतकालीन राहत सामग्री हस्तान्तरण गरेकी छन् ।

टेन्ट तथा त्रिपाल लगायतका उक्त राहत सामग्रीहरु नेपालका पाँच जिल्लाका बाढी तथा पहिरोबाट प्रभावित परिवारहरुलाई वितरण गरिने दूतावासले जनाएको छ ।



बाढी र पहिरोका कारण हालसालै भएको विनाश र जनधनको क्षतिलाई ध्यानमा राख्दै यी राहत सामग्रीहरु नेपाल-भारत महिला मैत्री समाजले प्रदेश नम्बर २, ३, ५ र ७ का कैलाली, महोत्तरी, नवलपरासी, सर्लाही र सिन्धुपाल्चोक जिल्लाका स्थानीय सरकारसँग समन्वय गरी वितरण गर्ने जनाइएको छ ।

भारत सरकारको नियमित मानवीय सहयोग तथा आपतकालीन राहत सहायताअन्तर्गत उक्त राहत सामाग्री नेपाललाई वितरण गरिएको दूतावासले विज्ञप्तिमार्फत् जनाएको छ ।

## संक्षिप्त समाचार

### बाँकेमा कोरोना विशेष अस्पताल सञ्चालन

नेपालगञ्ज । नेपालगञ्जको भेरी अस्पतालमा निर्माण गरिएको कोरोना विशेष अस्पताल आजदेखि सञ्चालनमा आएको छ । प्रदेश ५ का सामाजिक विकासमन्त्री सुदर्शन बराललले सो अस्पतालको उदघाटन गरे । सो कोरोना विशेष अस्पतालमा आठ आइसियुसहित ७२ श्ययया रहेको छ । निकट भविष्यमै अस्पताललाई १०० श्ययाको बनाइने कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रका संयोजक एवं प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्वाङले जानकारी दिए । यसअघि बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा रहेको कोरोना विशेष अस्पतालमा श्यया अभाव तथा दिगो व्यवस्थापनको समस्यापछि भेरी अस्पतालमा कोरोना विशेष अस्पताल बनाउने निर्णय गरिएको थियो ।

### सिरहा कारागारमा २५९ संक्रमित

सिरहा । कोरोनाको हटस्पट बनेको सिरहा कारागारमा बुधबार २५९ जना कोरोना संक्रमित थपिएका छन् । जिल्ला स्वास्थ्य कार्यालय सिरहाका कोभिड श्रोत व्यक्ति अम्देश्वर चौधरीका अनुसार प्रादेशिक प्रयोगशाला जनकपुरमा भएको स्वाब परीक्षणको नतिजामा सिरहा कारागारका २५९ जना कोरोना संक्रमित भएको हो । कारागारमा रहेका २६९ कैदीबन्दीको स्वाब परीक्षण गर्दा २५९ जनामा सङ्क्रमण पुष्टि भएको बताइएको छ । दुई आश्रितसहित ५९७ कैदीबन्दी रहेको सिरहा कारागारमा यो संख्यासहित ५०७ जनामा कोरोना संक्रमण भइसकेको छ । संक्रमितमध्ये सात जना कैदीबन्दी निको भएका छन् । कारागारका झण्डै ८५ प्रतिशत कैदीबन्दीलाई कोरोना संक्रमण भएपछि उनीहरुलाई कहाँ राखेर उपचार गर्ने समस्या बनेको छ ।

### कोभिड अस्पतालमा संक्रमितको मृत्यु

विराटनगर । मोरङ जिल्लामा उपचारको क्रममा एक जना कोरोना भाइरस (कोभिड-१९) संक्रमितको मृत्यु भएको छ । बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोभिड-१९ अस्पतालमा उपचारका क्रममा मोरङको धनपालथान-६ का एक संक्रमितको मृत्यु भएको हो । उनलाई प्रतिष्ठानको अर्थो अब्जरभेसन वार्डमा उपचारको क्रममा रहँदा कोरोना संक्रमण पुष्टि भएको थियो ।

### बुटवलमा एक महिलाको मृत्यु

रुपन्देही । बुटवलको कोरोना विशेष अस्थायी अस्पतालमा एक कोभिड-१९ संक्रमित महिलाको मृत्यु भएको छ । सोमबार बिहान उपचारको क्रममा कपिलवस्तुको शिवराज नगरपालिका-५ की ४७ वर्षीया महिलाको मृत्यु भएको हो । भाद्र २१ गते कोरोना पुष्टि भएपछि अस्पताल भर्ना भएकी उनको आईसीयूमा उपचार भइरहेकोमा सोमबार बिहान साढे ४ बजे मृत्यु भएको अस्पताले जनाएको छ ।

### टिपरको ठक्करबाट प्रहरी जवानको मृत्यु

रुपन्देही । टिपरको ठक्करबाट स्कूटरमा सवार एक प्रहरी जवानको मृत्यु भएको छ एक प्रहरी जवान घाइते भएका छन् । शनिबार साँझ पूर्वपश्चिम राजमार्गअन्तर्गत बुटवल धागो कारखानानजिकै टिपरको ठक्करबाट प्रहरी जवान अमित श्रेष्ठको मृत्यु भएको हो । दुर्घटनामा अर्का प्रहरी जवान सन्तोषी थारु घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय, बागलुङबाट बिदा लिएर घर आएका श्रेष्ठ र सोही कार्यालयमा कार्यरत थारु सवार स्कुटरलाई लु१ख ८९९ नम्बरको टिपरले अगाडिबाट ठक्कर दिएको थियो । गम्भीर घाइते भएका श्रेष्ठको उपचारका क्रममा भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता डीएसपी खड्कबहादुर खत्रीले बताए । घाइते प्रहरी जवान थारुको सोही मेडिकल कलेजमा उपचार भइरहेको छ ।

### कोरोनाबाट मोरङमा थप एकको मृत्यु

विराटनगर । मोरङमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट थप एक जनाको मृत्यु भएको छ । विराटनगर महानगरपालिका-८ का ६९ वर्षीय पुरुषको कोशी अस्पताल कोभिड १९ उपचार केन्द्र विराटनगरमा मृत्यु भएको हो । उनलाई कोरोना संक्रमण भएको २२ भदौमा पुष्टि भएको थियो । उपचारका क्रममा शनिबार दिउँसो साढे १२ बजे मृत्यु भएको जनस्वास्थ्य कार्यालय मोरङका प्रमुख ज्ञानबहादुर बस्नेतले जानकारी दिए । उनमा सुगर र प्रेसरसम्बन्धी दिर्घरोग समेत थियो ।

### रेडपाण्डाको छालासहित ४ जना पक्राउ

बाँके । बैजनाथ गाउँपालिका-१ गाभरस्थित डेनियल कटेज एण्ड रेष्टुरेण्टबाट १ थान रेडपाण्डाको छालासहित सुर्खेत भेरी गंगा नगरपालिका(१२ छिन्चु बस्ने ३६ वर्षीय देव बहादुर बाठा लगायत ४ जनालाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । उक्त रेष्टुरेण्टमा अवैध रुपमा जंगली जनावरको छाला ल्याई लुकाई छिपाई राखेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उक्त छालासहित उनीहरूलाई फेला पारी पक्राउ गरेको हो । साथै उनीहरूले प्रयोग दुईवटा मोटरसाइकल पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।

### मृत अवस्थामा

कैलाली । घोडाघोडी नगरपालिका-३स्थित बगुलिया तालमा सोही स्थान बस्ने ५० वर्षीय भोजडगौरा थारुआइतबार मृत अवस्थामा फेला परेका छन् । शनिबार घरबाट हिँडेकाथारु फर्की नआएपछि खोजी गर्ने क्रममा शव फेला परेको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### तास खेलिरहेका ७ जना पक्राउ

बाँके । बैजनाथ गाउँपालिका-५ रामपुरस्थित गोठमा तास खेलिरहेको अवस्थामा सोही गाउँपालिका-६ बस्ने २५ वर्षीय कमल बस्नेत समेत ७ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । उक्त गोठमा तास खेलिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले नगद ३२ हजार ५ सय रुपैयाँ र ६ गडडी तासमहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### कोरोनाबाट सप्तरीका एक जनाको मृत्यु

सप्तरी । सप्तरीका कोरोना संक्रमित एक ३५ वर्षीय पुरुषको बुधबार बिहान मृत्यु भएको छ । सप्तरीको खडक नगरपालिका-३ का पुरुषको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोभिड-१९ अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । मृतक संक्रमित उच्च रक्तचापसँगै मृगौलाको समस्याबाट पनि पीडित थिए । उनी एक वर्षदेखि सातामा दुईपटक डायलसिस गराउँदै आएका थिए ।

### डुङ्गा डुब्दा एक भारतीय कामदार बेपत्ता

रबिन्द्र यादव, नवलपरासी । नवलपरासी पश्चिमको नारायणी नदीमा डुङ्गा डुबेर एक पुरुष बेपत्ता भएका छन् । सुस्ता गाउँपालिका वडा नं. ५ ठाडीघाटबाट नदि पारी सुस्ताका लागी इट्टा बोकेर जाँदै गरेको डुङ्गा नारायणी नदीमा डुबेपछि डुङ्गामा काम गर्ने एक व्यक्ति नदीमा डुबेर बेपत्ता भएका हुन् । प्रहरीका अनुसार डुङ्गामा ७ जना काम गर्ने व्यक्तिहरु रहेका थिए । ६ जना आफै पौडी खेलेर निस्केका छन् । नारायणी नदीमा डुबेर बेपत्ता भएका व्यक्तिको खोजी कार्य भइरहेको र बेपत्ता भएका व्यक्ति भारतीय नागरिक अन्दाजी वर्ष ३२ को पुरुष रहेको र उनको थप पहिचान नखुलेको र खोजी कार्य भइरहेको प्रहरी चौकी रामनगरले जनाएको छ ।

### वनमा महिला मृत फेला

कैलाली । घोडाघोडी नगरपालिका-१० झिरोखास्थित बुलबुले सामुदायिक वनभित्र सोही नगरपालिका-९ रतीपुर बस्ने १९ वर्षीया पदमा रोकाया बिहीबार मृत फेला परेकी छन् । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### बालिका करणी गर्ने पक्राउ

रौतहट । १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा देवाही गोनाही नगरपालिका-६ कर्कचकमैंया टोल बस्ने २० बर्षीय राजेस साह सोनारलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । सोनारले भदौ २२ गते ती बालिकालाई जवरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय देवाही गोनाहीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# जनताराज : आजको आवश्यकता



सूर्यदेव यादव

निश्चिय पनि "चाकरीको मिष्ठान भन्दा स्वतन्त्रताको घाँस मिठो हुन्छ", यसै वाक्यांशलाई अग्रपंक्तिमा राखेर डा. सि.के. राउतले मधेश मुद्दालाई UNPO र UN मा दर्ता गराई देशभित्र मधेशी आदिवासी जनजाति, दलित, मुस्लिम, थारु तथा अल्पसंख्यक जातजातिहरुको अधिकारलाई सुनिश्चितता हुन्छ भन्ने बुझाई राख्दै निरन्तर अगाडि बढिरहेका छन्। परन्तु देशभित्र यी जातजातिहरुमाथि हमला भइरहेको देखिन्छ। यद्यपि, राज्य पक्षबाट अहिलेसम्म सुनुवाई हुन सकिरहेको देखिन्न। यसरी प्रत्येक दशकको अन्तरालमा जनता सास्ती बाहेक आस्तिक हुन सकिरहेको छैन। रगतै-रगतले सिन्चित भइसकेको नेपाल र नेपाली भूमिलाई अझै कति रगतले सिन्चित गराउन चाहिएको हो- राज्य सञ्चालकहरुले भन्न सक्नुपर्दछ। फेरि पनि जनताको संघर्ष र बलिदानीकै जगमा देशमा गणतन्त्र आयो, "अबदेखि देशभित्र क्रान्ति कहिले पनि हुन्न" भन्ने जनताको बुझाई रहदै आयो, -गरिब, निमुखा, किसान, मजदुर तथा उत्पीडित जनताको जीवनशैलीमा नयाँ नयाँ आशाका किरणहरु उदय हुन्छ भन्ने बुझाई रहदै आयो। जनता आ-आफ्ना जीवन प्रक्रिया अगाडि बढाउनतिर लागे, विगतमा राज्यसँग भए गरेका सन्धी-सम्झौता तथा समझदारी माथि अब कहिले पनि घात-प्रतिघात हुन्न भन्ने जनताको बुझाई रह्यो, जनताको छोराछोरीले अबदेखि रगतको खोलो बगाउनु पर्दैन भन्ने आमजनताको बुझाई रह्यो। तर "बोक्सीको लागि जतिसुकै रगतको भण्डार गरिए पनि थोरै हुन्छ" भनाई चरितार्थ सिद्ध भइरहेका छन्। वर्तमान परिस्थितिमा दुई तिहाई बहुमत प्राप्त नेपाल कम्यूनिष्ट पार्टीको सरकार, जसको मनोविज्ञान पुरातन सोचभन्दा फरक देखिन्न, अलिकति पनि जनपक्षीय सोच र परिवर्तनकारी चिन्तन देखाउन सकिरहेका छैन्, घुमिफिरी रुम्जाटारझैं २०४६ सालपछिको नेपाली कांग्रेस, नेकपा एमाले र रा.प्र.पा. को सरकारको क्रियाकलाप जस्तै दृष्य देखाइरहेका छन्। आज कहाँ गए- माओवाद दर्शन ? किन भयो १७ हजार जनताको हत्या ? कहाँ गए कमरेड मदन भण्डारीको बहुदलीय जनवाद ? कहाँ छन् नेता मनमोहन अधिकारीको मार्क्सवादी चिन्तन ? के भयो डा. बाबुराम भट्टराई JNU बाट प्राप्त गरेको विद्यावारिधि डिग्रीसँग जोडिएका क्रान्तिकारी जनपरिषद् ? कहाँ छन् कमरेड प्रचण्डको धूर्तवादी सपनाहरु ? यति मात्र कहाँ हो र, कहाँ छन् ७० वर्षदेखि स्व. वि. पी. कोइरालाको दर्शनमा हिंड्ने कांग्रेसी नेताहरुको समाजवादी चिन्तन् ? यसरी दु:खको घडीमा कहाँ छन् तथाकथित मधेशवादी ठेकेदार नेताहरु ? निरन्तर प्रश्न उब्जिरहेका छन्। यसरी मानवीयताको धरातलमा उभेर मनन् गर्ने हो भने, "कोरोना भाइरस" जस्ता महामारीको घडीमा अहिले देश र जनता प्रशव-पीडाझैं छटपटाइरहेका छन्। महंगी, भ्रष्टाचारी, कालाबजारी, कमिशनतन्त्रको बिगबिगी पर्याप्त मात्रामा देखिन्छ, महिला हिंसा तथा दलित हत्या दिन प्रतिदिन बढ्दै गइरहेका छन् र स्वास्थ्य शिक्षा रोजगार सर्वसाधारण जनताको पहुँचभन्दा बाहिर गइसकेका छन्। यस परिस्थितिमा अब जनताले के गर्ने ? यसरी कति दिन जनताले थेक्ने त ? लोकतन्त्रमा यस्तै हुन्छ र ? लोकतान्त्रिक मुलुकको मर्म र भावना यही हो त ? पुन: प्रश्न भएको देखिन्छ। अर्कोतिर बुझ्नुपर्ने कुरो के हो भने लोकतन्त्रको अनुभूति २००७ सालदेखि नै सर्वसाधारण जनताको झोपडीमा पुग्न सकेको देखिन्न, जसको एउटा मात्रै पक्षलाई हेर्ने हो भने, "यदि लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रता रहीरहन्छ भने पहिचान सहितको स्वायत् शासन राष्ट्रिय एकताको प्रतिक हो" जसलाई सबै जातजाति, भाषाभाषी, धर्मसमुदायले सजिलै स्वीकार गर्न सक्नुपर्दछ, परन्तु पहिचान बिनाको राष्ट्रियता भ्रम हो, विष हो, जसलाई कदापी स्विकार गर्न सकिन्न, यसले मधेशी जनताको भावी सन्ततिको राष्ट्रियता माथि जहिले पनि प्रश्नचिन्ह रहिरहन्छ। अब यस्तै रहिरहने हो भने अन्तिम समाधान जनमत संग्रह नै हो, जुन नेपाल सरकार र स्वतन्त्र मधेश गठबन्धन बीच भएको ११ बुँदे सम्झौतामा राज्यपक्षले स्विकार गरिसकेको अवस्था छ।

घतलाग्दो त के छ भने- नेपालभित्रको विभेद, रंगभेद, उत्पीडन, दमन, शोषण तथा विकृति-विसंगतिलाई हेर्दा कसले भन्न सक्छ कि यो देश ४ वर्ण ३६ जातको फूलबारी हो ? कसले भन्न सक्छ- यो देश मधेशी, आदिवासी, जनजाति, मुस्लिम, थारुहरुको पनि देश हो ? यदि यिनीहरुकै देश हो भने आत्मनिर्णयसहितको स्वायत् मधेश प्रदेश माग गर्दा किन गोहीको आँशुझै समाधान गर्न आनाकानी गरिरहेका छन् ? कारण के हो ? आज जनताराजको आवश्यकता नै Right to ILO-169, Right to no vote, Right to information, Right to recall, Right to referendum, जस्ता बहुआयामिक अव्यवहरुलाई ध्यान दिनुपर्ने हुन्छ, जुन संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय अनुबन्ध सन् १९६६ को अवधारणा पत्रको धारा १ र २ मा स्पष्ठ ढंगले नेपाल सरकारका प्रतिनिधिहरुले हस्ताक्षर गरेर आइसकेका छन्।

यसरी २१ औं शताब्दीमा पनि जनताको मौलिक अधिकारसहित सामाजिक न्याय तथा आर्थिक समृद्धिसहितको समानतालाई छाँया पारेर राख्ने हो भने विद्रोहको ज्वाला नश्लीयतन्त्र विरुद्ध निस्किन्छ, जसको मार्गचित्र अहिंसात्मक, शान्तिपूर्ण तथा मर्यादित रहने छ। राज्यले बेलैमा बुझ्ने प्रयास गरियोस्, जनताराज कायम गर्ने मार्ग प्रशस्त गरियोस्।

पथ देखो, पथिक नही।

# कोरोना नियन्त्रणमा गरेको खर्च विवरण सार्वजनिक

रौतहट। रौतहट जिल्लाको मौलापुर नगरपालिकाले कोरोना संक्रमण तथा नियन्त्रणका लागि गरेको खर्च विवरण सार्वजनिक गरेको छ। नगरपालिकाले एक सुचना मार्फत आर्थिक वर्ष २०७६/७७ मा भएका सम्पूर्ण खर्चको विवरण सार्वजनिक गरेको हो।

सार्वजनिक गरिएको सुचना अनुसार क्वारेन्टाइन निर्माण, व्यवस्थापन एवं संचालन, राहत वितरण, औषधि तथा सुरक्षा सामाग्री खरिद र एम्बुलेन्स, बस भाडा लगायतका शीर्षकमा गरी जम्मा १ करोड ८ लाख ३१ हजार ७ सय ९८ रुपैयाँ खर्च भएको हो। कुल खर्चमा प्रदेश २ सरकारबाट प्राप्त १५ लाख अनुदान रकम समेत रहेको छ।



मौलापुरका विपन्न, ज्यालादारीमा आश्रीत सहित सम्पूर्ण नगरवासीलाई दुई चरणमा राहत वितरण गरिएको थियो। पहिलो चरणमा १ हजार ३ सय २६ घरपरिवारलाई राहत वितरण गर्दा १४ लाख ४० हजार खर्च भएको थियो भने दोस्रो चरणमा ४१ सय घर परिवारलाई राहत वितरण हुँदा ४५ लाख १२ हजार ४ सय खर्च भएको बताइएको छ।

क्वारेन्टाइन संचालन तथा व्यवस्थापनमा २५ लाख ३९ हजार ५ सय २४ रुपैया खर्च भएको हो भने कोरोना संक्रमण नियन्त्रणका लागि आवश्यक औषधि र सुरक्षा सामाग्री किन्न २० लाख १७ हजार ६ सय १९ रुपैयाँ खर्च नगरपालिकाले जनाएको छ। त्यस्तै एम्बुलेन्स भाडा, बस भाडा, जन चेतना अभिवृद्धि एवं प्रचारप्रसारलगायत अन्य विभिन्न कार्यका लागि ३ लाख २२ हजार २ सय ५५ रुपैयाँ खर्च भएको हो।

मौलापुर नगरपालिकाले सार्वजनिक गरेको खर्च अन्य स्थानीय तहको तुलनामा निकै कम देखिएको छ। रौतहटकै विभिन्न स्थानीय तहले २ करोडभन्दा बढी खर्च देखाएको बेला मौलापुरको खर्च भने मितव्ययी र नियन्त्रित देखिन्छ।

नगरपालिकाले आफ्नो भुमिका निर्वाह गरी संक्रमणलाई शुन्यमा झारेको र नगर क्षेत्रलाई त्यसको प्रभावबाट टाढै राखेको नगरप्रमुख रीनाकुमारी साहले बताइन्। उनले नगरवासीलाई राहत दिएर भोकबाट जोगाएको र सबैको साथमा सधैं नगरपालिका रहेको अनुभुति हुने हिसाबले मितव्ययी भई खर्च गरिएको बताइन्।

विश्वस्तरमै फैलिएको कोभीड-१९ भाइरसबाट नेपाल पनि जुधिरहेको छ। संघीय सरकारले भाइरसको महामारी नियन्त्रण गर्न स्थानीय सरकारलाई अग्रपंक्तिमा राखेको थियो।


# विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## स्थानीय सम्वाद

# आवश्यक सुरक्षा मापदण्ड अपनाई जनजीवन सहज बनाउनुपर्छ



गंगा पासवान
मेयर, कर्जन्हा नगरपालिका, सिरहा

**० कर्जन्हा नगरपालिकामा कोरोना भाइरसको अवस्था के छ ?**

– कोरोना भाइरस (कोभिड-१९) ले विश्वलाई आतंकित बनाइसकेको अवस्थामा कर्जन्हा नगरपालिका पनि अछुतो छैन। हामीले यो वैश्विक महामारी कोरोनालाई रोकथामका लागि विभिन्न उपायहरु अपनाउँदै आएका छौं। अहिले तत्कालै कोभिड अस्पताल बनाई सञ्चालनका लागि निर्देशन आएको छ, त्यतातिर पनि हामी लागेका छौं। हामीले स्वास्थ्यकर्मी तथा स्वास्थ्य विज्ञहरुसँग छलफल पनि गरिसकेका छौं। सिरहा जिल्लाको अन्य पालिकाभन्दा यो नगरपालिकामा बढी प्रभावित भएको छ। किनभने हाम्रो नगरपालिकामा वैदेशिक रोजगारबाट आउने धेरै छन्। भारत लगायतका देशहरुबाट श्रमिकहरु जसरी नेपाल फर्किए, उनीहरुमा त्यति संक्रमण देखिएन। तर, जनसमुदायले सावधानी नअपनाउँदा, विश्व स्वास्थ्य संगठनको मापदण्डको पूर्ण पालना नगर्दा अहिले समुदायस्तरमा कोरोना प्रवेश गरिसकेको छ। अस्ति मात्रै कोरोनाका कारण एक महिलाको मृत्यु समेत भएको छ।

**० अहिले कोभिड अस्पताल बनाउन लाग्नुभएको छ, पहिला नै यसबारे तपाईंहरुको ध्यान किन गएन ?**

– वास्तवमा यो सही कुरा हो कि हामीले प्रत्येक पालिकामा कमसेकम एक-एक वटा कोभिड अस्पताल निर्माण गर्नुपर्दथ्यो। अहिले मुलुकमा तीन तहको सरकार छ, स्थानीय, प्रदेश र संघ। तीनै तहको सरकारबीच समन्वय र सहकार्य यस तर्फ ध्यान जानुपर्ने थियो। सुरुवाती अवस्थामा नेपालमा यस्तो किसिमले कोभिड-१९ फैलिन्छ भन्ने आंकलन पनि नगरेको हुनुपर्छ। जब अहिले समुदायमा प्रवेश गऱ्यो त्यसपछि यसको आवश्यकता महसुस भइरहेको छ। अहिले संघीय र प्रदेश सरकारबाट कोभिड अस्पताल बनाउने निर्देशन आएको छ। पूर्वाधार निर्माणका लागि हामीले स्थानीय तहबाट पनि केही रकम रकमान्तर गर्ने र अस्पताल सञ्चालन गर्ने सोचमा छौं।

**० समुदायमा अहिले जसरी कोरोना फैलियो, सरकारहरु कसरी चुक्यो त ?**

– छिमेकी राष्ट्रहरुमा कोरोना भाइरस फैलिरहँदा नेपालमा सुरुमा लकडाउन घोषणा हुँदा हामीले धेरै कडाईका साथ पालना गरायौं। त्यतिखेर वैदेशिक रोजगारमा गएका नेपाली श्रमिकहरु पनि फर्केका थिएनन्। सीमामा पनि कडाइ थियो। तर, त्यसपछि लकडाउन खुकुलो हुन थाल्यो र मान्छेले सुरक्षाका मापदण्ड पनि पालना गर्न लापरबाही गर्न थाले। कोभिड रोकथाम तथा नियन्त्रण र राहतका लागि स्थानीय सरकार लागिरह्यो। भारतमा काम गर्ने श्रमिकहरु सीमा क्षेत्रमा अलपत्र हुँदा म आफै गएर उद्धार गरी हाम्रो नगरपालिकाको क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाएँ। सामाजिक दूरी कायम नगर्दा, स्वास्थ्य मापदण्ड नमान्दा कोरोना समुदायमा प्रवेश गऱ्यो। निषेधाज्ञा जारी भइसक्दा कोही पनि घरबाट अनावश्यक ननिस्किनु, निस्किनै परे मास्क लगाई, सामाजिक दूर कायम गरी निस्कनु भन्ने किसिमका जनचेतना पनि जगायौं। हाम्रो नगरपालिकामा किसान वर्गको बाहुल्यता छ। यहाँका जनता हाटबजार जानैपर्ने बाध्यता छैन। किनभने यहाँका किसानले दैनिक उपभोग्यका वस्तुहरु आफैले उब्जाइरहेका छन्। जुन सामान किन्न बजार जानुपर्छ, ती अवस्तुहरु आफ्नै ठाउँमा उपलब्ध छ। आफ्नै ठाउँबाट किन्यो भने समयको पनि बचत हुन्छ र ताजा खाद्यवस्तु पनि पाउँछन्। यस्ता कुराहरु जनता आफै सचेत हुनुपर्छ।

**० जनसमुदायको लापरवाहीका कारणले पनि कोरोना समुदायमा प्रवेश गऱ्यो ?**

– यसमा जनसमुदायको पनि लापरवाही हो। जुन सामान किन्न बजारमा जान्छन्, त्यो सामान त हाम्रा छिमेकीले पनि बेचिरहेका हुन्छन्, त्यसका लागि बजारै किन जाने भन्ने मेरो प्रश्न हो। बजारमा हजारौंको संख्यामा भीड हुन्छ, प्रहरीले रोक्न खोज्दा झडपको अवस्था आउँछ। यस्ता अवस्थाहरु पनि हामीले देखेका छौं। त्यसकारणले यस्ता समस्याहरु हामीले जनसमुदायमा पनि हेरेका छौं। निषेधाज्ञा गर्दा विरोध गर्नेहरु छन्। हातमुख जोर्नेहरुको अवश्य नै समस्या हुन्छ। तर, सबभन्दा पहिला ज्यान जोगाउनुपर्ने प्रमुख दायित्व हुन्छ। हामीले राहत वितरण गर्दा जोसँग छ, उसले पनि लिएका छन्। वास्तवमा राहत भनेको त वास्तविक अति विपन्न वर्गका लागि हो।

**० अब कोरोनाबाट कसरी बचाउने त ?**

– यो वैश्विक महामारी कोरोनाको अहिलेसम्म कुनै औषधि वा खोप आइसकेको छैन। त्यसले गर्दा यसबाट बच्नका लागि हामी जनतालाई आग्रह गर्छौं कि आफै सचेत हुनुस्। जनचेतना फैलाउनुस्, यो मात्रै एउटा उपाय हो। हामीले आफ्नो सुरक्षा आफै गर्नुपर्छ। हामी सबै उच्च मनोवलका साथ एकजुट भएर लड्नैपर्छ। हाम्रो प्रकृतिले पनि साथ नै दिइरहेको छ। अन्य देशहरुको जस्तो हाम्रो नेपालमा अझै पनि अवस्था भइसकेको छैन। अझै पनि हामी सचेत भएर आफ्ना दिनचर्या चलायौं भने कोरोनाबाट बच्न सक्छौं। अब हामीले कोरोनासँग जिउने बानी बसाल्नुपर्छ। हामी कोरोनाबाट कसरी बच्ने भन्ने कुराको चेतना फैलाउनुपर्छ।

**० सिरहा जिल्लामा असोज १० गतेसम्म निषेधाज्ञा जारी गरिएको छ, यसरी निषेधाज्ञा कहिलेसम्म ?**

– निषेधाज्ञाबाट मात्रै हामीले कोरोनाबाट जित्न सक्छौं भन्ने लाग्दैन। अब हामी एक घर एक पीसीआर परीक्षण गरेर संक्रमित फेला परेकाहरुलाई आइसोलेसनमा राख्ने, बाहिरबाट आएकाहरुको कोरोना परीक्षण गर्ने र सुरक्षा मापदण्ड अपनाउँदै आफ्नो जनजीवनलाई सहज बनाउँदै लग्नुपर्ने हो। यो कोरोनाका कारण विश्वकै अर्थतन्त्र धरासायी भएको अवस्था छ। त्यसैले अर्थतन्त्रलाई पनि चलायमान बनाउनका लागि आवश्यक सुरक्षा मापदण्ड अपनाई आफ्नो जनजीवन सहजतातर्फ जानुपर्ने अहिलेको आवश्यकता हो। अब निषेधाज्ञाको औचित्य छैन।

# सीमा क्षेत्रमा सशस्त्रको उपस्थिति बढ्दै

काठमाडौं। सशस्त्र प्रहरी बलले भारतसँग सीमा जोडिएको क्षेत्रमा आफ्नो उपस्थिति बढाउँदै गएको छ। भारतसँग सीमा जोडिएको जिल्लाका थप तीन ठाउँमा सशस्त्र प्रहरी बलको सीमा निगरानी चौकी (बिओपी) स्थापना हुने भएको छ। चालु आर्थिक वर्षमै जिल्लाका थप तीन ठाउँमा सशस्त्र प्रहरीको बिओपी स्थापनाको काम अघि बढेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ५१ गुल्म बैतडीले जनाएको छ।

बैतडी जिल्लाको पञ्चेश्वर गाउँपालिकाको विनायक घाट र धर्मघाट तथा दशरथचन्द नगरपालिकाको बाराकोटमा बिओपी स्थापनाको तयारी भएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ५१ गुल्मका सशस्त्र प्रहरी नायब उपरीक्षक गणेश शाहले जानकारी दिए।

बैतडीको भारतसँग ६१ किलोमिटर सीमा जोडिएको छ। सीमा जोडिएको क्षेत्रको सुरक्षालाई उच्च प्राथमिकतामा राखेर सशस्त्र प्रहरीले जिल्ला तीन ठाउँमा बिओपी स्थापना गरिसकेको छ। जिल्लाको झुलाघाट नाका, पञ्चेश्वर रोलघाट र शिवनाथको कुस्मौत घाटमा सशस्त्र प्रहरीले बिओपी स्थापना गरेर सेवा दिइरहेको छ।

सीमा क्षेत्रमा हुने अपराध न्यूनीकरण, सीमा क्षेत्रबाट हुने तस्करी, मानव बेचबिखनलगायतका घटनामा रोक लगाउनका लागि सशस्त्र प्रहरीले आफ्नो उपस्थिति बढाउँदै लगेको प्रहरी नायब उपरीक्षक शाहले बताए।

२०७५ मा सशस्त्र प्रहरी बल नेपाल नम्बर ५१ गुल्मको बैतडीमा स्थापना भएको थियो। उक्त गुल्म सदरमुकामस्थित गढीमा रहेको छ। त्यसपश्चात यही भदौ २५ गते भारतसँग सीमा जोडिएको बैतडीको शिवनाथ गाउँपालिका-१ स्थित कुस्मौत घाट, गत असार १६ गते पञ्चेश्वर गाउँपालिकाको रोलघाट र गत जेठ १० गते सीमानाका झुलाघाटमा बिओपी स्थापना भएको थियो।

कोरोना भाइरससँग लडिरहेको सरकारले सशस्त्र प्रहरीलाई देशभरका भारतसँग सीमा जोडिएका क्षेत्रमा खटाइसकेको छ। नेपालतर्फको सीमा नाकामा भारतको ५३० बिओपी रहेका छन्। नेपाल सरकारले पनि सोहीअनुपातमा बिओपी थप्ने तयारी गरेको हो। सरकारले भारतसँग सीमा जोडिएका क्षेत्रमा पाँच सय पुऱ्याउने तयारी गरेको छ। कोरोना सङ्क्रमणका कारण सीमा सिलपछि विस्तार गरिएका अस्थायी पोष्टलाई बिओपीमा रूपान्तरण गर्ने सरकारी तयारी रहेको हो।

## विश्व परिवेश

# चीनले जासुसी गराएको आरोप

काठमाडौं । भारतीय राष्ट्रपति रामनाथ कोविन्द, प्रधानमन्त्री नरेन्द्र मोदी, रक्षामन्त्री राजनाथ सिंह, चीफ अफ डीफेन्स स्टाफ विपिन रावत सहित सरकारका बरिष्ठ मन्त्रीहरु, सांसदहरु, विपक्षी दलका नेताहरु, मुख्यमन्त्रीहरु, सेनाका वरिष्ठ अधिकारी, बरिष्ठ उद्यमीहरु र विभिन्न संस्थाहरु सहित १० हजार व्यक्ति तथा संस्थाको चीनले जासुसी गराएको आरोप भारतले लगाएको छ ।

झेन्हुआ डाटा इन्फरमेशन टेक्नोलोजी नामक एक चीन सरकार निकट कम्पनीमार्फत डाटा संकलन गरेर चीनले जासुसी गराएको भारतीय दावी छ । सो कम्पनीले दैनिक १५ करोड डाटा संकलन गर्दै आएको भारतीय मिडिया इण्डियन एक्सप्रेसले जनाएको छ । सो कम्पनीले दश हजार त्यस्ता व्यक्ति तथा संस्थाहरुको अलग अलग प्रोफाइल बनाएर जासुसीको जालो बिच्छ्याएको भारतीय दावी छ ।

भारत र चीनबीच सीमामा विवाद बढ्दै जाँदा भारतीय उच्च नेतृत्व प्रभावशाली व्यक्तिहरु चीनको जासुसीको निशानामा रहेको र उनीहरुको सूचना लिने संस्थागत र सिलसिलेवार अभियान चिनियाँ जासुसहरुले गरिरहेको भारतले बताएको छ । कतिपय भारतीय मिडियाको पनि जासुसी गरिएको सुरक्षा स्रोतलाई उदृत गर्दै भारतीय मिडियाले सो समाचार प्रसारण गरेका छन् ।

चीनले खासगरि भारतीय नीति निर्माण तहमा प्रभाव राख्ने व्यक्ति तथा संस्थालाई निशाना बनाएर जासुसी गराएको तथ्य फेला परेको भारतीय सुरक्षा स्रोतलाई उदृत गर्दै समाचारमा जनाइएको हो । हार्डवेयर मार्फत अन्य संयन्त्र प्रयोग गरेर तथा भारतमै रहेका आफ्ना जासुस मार्फत जासुसी गराएको भारतीय दावी छ ।

यसअघी लद्धाख क्षेत्रमा पनि स्याटेलाइट फोन मार्फत भारतीय पक्षको जासुसी गरि सूचना चीनलाई दिएको तथ्य पनि भारतले फेला पारेको बताइएको थियो । दुई देशबीच तनाव बढ्दै जाँदा जासुसीको जालो अझ बढ्ने अनुमान भारतीय पक्षले गरेको पनि बताइएको छ । भारतले यसअघी जासुसी समेत भएको आरोपमा २२४ चिनियाँ एपमाथि प्रतिबन्ध लगाइसकेको छ ।

यसैबीच अमेरिकी पत्रिका न्यूजवीकले भारत र चीनका सेनाबीच लद्धाखको गलवानमा १५ जुनमा भएको हिंसात्मक झडपमा चीनका कम्तिमा ६० सैनिक मारिएको दावी गर्दै समाचार प्रकाशन गरेको छ । भारतका २० सैनिक मारिएको सो झडपमा चीनले अहिलेसम्म औपचारीक रुपमा आफ्ना कति सैनिकको हताहती भएको बताएको छैन । भारतले भने कम्तिमा ४३ चिनियाँ सैनिक मारिएको दावी गरेको थियो । तर घटना भएको ३ महिनापछि आएर अमेरिकी पत्रिकाले कम्तिमा ६० जना चिनियाँ सेना मारिएको दावी गरेपछि चीन झनै रक्षात्मक देखिएको छ ।

## सीमा विवाद समाधान गर्न भारत र चीनबीच पाँच बुँदे सहमति

काठमाडौं । भारत र चीनबीच सीमाक्षेत्र लद्दाखमा भएको तनाव कम गर्न पाँच बुँदे सहमति भएको छ । भारतीय विदेश मन्त्री एस जयशंकर र चिनियाँ विदेशमन्त्री वाङ यीबीच रुसको मास्कोमा भएको छलफलमा पाँच बुँदे सहमति भएको हो ।

शंघाई सहयोग संगठन (एससीओ) को बैठकमा भाग लिन मास्को गएका बेलामा पाँच बुँदे सहमति बनेको भारतीय विदेश मन्त्रालयले शुक्रबार बिहान जारी गरेको नोटमा उल्लेख गरिएको छ ।

दुई देशबीच दुबै देशका सेनाको छलफल जारी राख्दै तीव्र गतिमा विवादित इलाकाबाट सेना हटाउने काम गर्नुपर्ने र एक आपसमा तय गरिएको दूरी राखेर तनाव कम गर्नुपर्ने सहमति भएको छ ।

यस्तै सम्बन्ध सुधार गर्नका लागि दुबै देशका नेताहरुबीच मार्ग निर्देशन लिनु पर्ने र मतभेदका कारण तनाव हुनु नहुनेमा जोड दिइएको छ । सीमासँग जोडिएको मामलामा सबै मौजुदा सम्झौता र प्रोटोकललाई मान्नुपर्ने तथा बोर्डर इलाकामा शान्ति राख्दै माहोल बिग्रने आंशका हुने कार्वाहीबाट बच्नुपर्नेमा दुबै देश तयार भएका हुन । यसैगरी बोर्डरमा स्थिति सुधार गर्न दुबै देशले तीव्र गतिमा कदम चाल्नुपर्ने विषयमा सहमति भएको छ । विशेष प्रतिनिधिमुलक संयन्त्रमार्फत वार्तालाई नियमित गर्ने र परामर्श र समन्वयको लागि कार्यविधिको बैठक पनि जारी राखिने विषयमा भारत र चीनबीच सहमति भएको छ ।

## चीनसँग लड्ने सेनाका लागि भारतले १० महिनालाई पुऱ्यायो राशन

काठमाडौं । चीनसँग आमनेसामने भएका आफ्ना सेनाका लागि भारतले १० महिनालाई पुग्ने राशन एलएसीमा पुऱ्याएको छ । भारतीय डिफेन्स स्टाफ प्रमुख (सीडीएस) जनरल विपिन रावतले एलएसीमा थप सैनिकलाई पनि रासन स्टक भएको बताएका छन् । संसद्को रक्षा समितिका सदस्यहरुलाई एलएसीमा भारतीय सेनालाई कुनै पनि परिस्थितिमा रासन अभाव नहुने र थप जाने सैनिकलाई समेत रासन स्टक भएको बताएका हुन् ।

जनरल रावतले समितिलाई एलएसी र सीमामा तैनाथ अतिरिक्त सैनिकहरूको लागि पर्याप्त राशन भएकोमा आश्वस्थ पारेका हुन् । सैनिक स्रोतलाई उदृत गर्दै टाइम्स नाउले जनाए अनुसार समितिको वैठकमा सेनाका अधिकारीहरूले रासन र अध्यादेशको प्रावधान र गुणस्तरको बारेमा दुई प्रिजेन्टेसन दिएका थिए । आपूर्ति र स्टकको विवरण दिँदै आएका अधिकारीले समितिलाई एलएसी लगायतको सिमानामा कुनै पनि परिस्थितिमा सेनाका लागि आवश्यक रासन भण्डारण गरिएको आश्वस्त पारेका थिए । विपिन रावतले कुनै पनि परिस्थितिमा थपिएका सेनासहित १० महिनाका लागि पर्याप्त भण्डारण रहेको बताएका थिए ।

एनसीपीका अध्यक्ष शरद पवारले समितिका अध्यक्ष जुआल ओरामलाई एलएसीको सही स्थितिबारे जानकारी गराउन पनि आग्रह गरे । कांग्रेस नेता राहुल गान्धीले सेनाका अधिकारी र जवानहरूको पौष्टिक आहारबारेमा पनि प्रश्न गरेका थिए ।

गान्धीले संसदीय स्थायी समितिमा पोषणको सवालमा राखेको प्रश्नमा लेफ्टिनेंट जनरल (सेवानिवृत्त) डीपी भत्सलले सेनाका कर्मचारीहरूको खानामा भिन्नता नभएको बताए ।

## रूसले भारतलाई १० करोड डोज भ्याक्सिन दिने

काठमाडौं । रूसले भारतीय कम्पनीलाई कोरोनाविरूद्धको १० करोड डोज भ्याक्सिन दिने भएको छ । रूसको सार्वभौम धन कोषले भारतको डा. रेड्डीज ल्याब्रोटरिज कम्पनीलाई स्पुतनिक-भी नामक भ्याक्सिनको १० करोड डोज दिन सहमत भएको हो । समाचार संस्था रोयटर्सका अनुसार अहिले तेस्रो चरणको परीक्षणका लागि मस्कोले अन्य देशमा भ्याक्सिन वितरण गर्ने योजनालाई तीव्र गतिमा अघि बढाएको छ । रसियन डाइरेक्ट इन्भेस्टमेन्ट फन्ड (आरडिआइएफ)ले भारतीय निर्मातासँग मिलेर ३० करोड भ्याक्सिन उत्पादन गर्ने प्रस्ताव गरेको थियो। त्यसपछि रेड्डीज ल्याब्रोटरिज कम्पनीलाई १० करोड भ्याक्सिन दिने सम्झौता भएको हो । भारतको शीर्ष स्थानमा रहेको औषधि कम्पनी डा. रेड्डिजले भ्याक्सिनको तेस्रो चरणको क्लिनिकल परीक्षण गर्नका लागि लिएको आरडिआइएफले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यस भ्याक्सिनको डेलिभरी भने सन् २०२०को अन्तिम महिनामा हुनेछ ।

## भारतीय संसदको मनसुन सत्र शुरू

नयाँदिल्ली । भारतीय संसदमा मनसुन सत्र शुरु भएको छ । कोरोना भाइरसको महामारीबचि १७ औं लोकसभाको चौथो सत्र शुरु भएको हो । सोमबारबाट लोकसभाका कार्वाही शुरु भएको हो । सदनले पूर्व राष्ट्रपति प्रणब मुखर्जीलाई श्रद्धाञ्जली दिएको छ । यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले जबसम्म कोरोनाको औषधि बन्दैन तबसम्म काममा कुनै ढिलाइ नगर्न आग्रह गरेका छन् । उनले भने, 'हाम्रो सेना सीमामा खडा रहेको छ । संसदबाट एक भाव, एक स्वरमा आवाज निकाल्दै पूरै देश र सदन उनीहरुको साथमा रहेको बताउनु जरुरी छ ।' उनले मुस्किलको घडीमा संसद शुरु भइरहेको भन्दै एकातिर कोरोना र अर्कातिर कर्तव्य रहेको भन्दै सबैलाई सचेत गराए । सांसदहरुले कर्तव्यको मार्ग चुनेको भन्दै सबैलाई धन्यवाद दिएका छन् ।

## नितिन गडकरी कोरोनाबाट संक्रमित

काठमाडौं । भारतका केन्द्रीय मन्त्री नितिन गडकरीलाई कोरोना संक्रमण पुष्टि भएको छ । उनले सामाजिक सञ्जाल ट्विटरमार्फत आफूलाइ कोरोना संक्रमण भएको जानकारी दिएका हुन । उनलाइ मंगलबार कमजोरी अनुभव भएपछि चिकित्सकसँग परामर्श गरी कोरोना परीक्षण गराउँदा रिपोर्ट पोजिटिभ देखिएको हो । रिपोर्ट आएपछि उनी आफै आइशोलेशनमा बसेका छन् । साथै उनले आफूसँग सम्पर्कमा आएका व्यक्तिहरूलाइ समेत सावधान रहन आग्रह गरेका छन् । उनले भनेका छन्, 'मसँग सम्पर्कमा रहेका व्यक्तिहरू सावधान र प्रोटोकलको पालना गर्नुहोस् ।' नितिन गडकरीले १४ सेप्टेम्बरमा मनसुन सत्रअघि संसदमा समेत गएका थिए ।

## भारतका पूर्व मन्त्री रघुवंशप्रसाद सिंहको निधन

पटना । भारतका पूर्व केन्द्रीय मन्त्री तथा राष्ट्रिय जनता दलका वरिष्ठ नेता रघुवंशप्रसाद सिंहको निधन भएको छ । नयाँ दिल्लीस्थित एम्स अस्पतालमा ७४ वर्षको उमेरमा उनको आइतबार बिहान निधन भएको हो । दुई दिनअघि उनले चिठ्ठी लेखेर लालुप्रसाद यादवलाई पार्टीबाट आफ्नो राजीनामा पत्र पठाएका थिए। त्यसको जवाफमा लालुप्रसादले चिठ्ठी लेखेर आरजेडीबाट बाहिर नजाने आग्रह गरेका थिए । गएको शुक्रबार राति उनको स्वास्थ्यमा समस्या देखिएको थियो । त्यसपछि सिंहलाई भेन्टिलेटरमा राखिएको थियो । सिंहले अस्पतालमै रहेकै बेला राजीनामा पत्र लेखेका थिए । लालुयादवले ट्वीट गरेर श्रद्धाञ्जली व्यक्त गरेका छन् । यस्तै आरजेडीका नेता तथा लालुप्रसादका कान्छो छोरा तजस्वी यादवले पनि ट्वीट गरेर श्रद्धाञ्जली व्यक्त गरेका छन् । रघुवंश प्रसाद सिंह युपीए सरकारमा ग्रामीण विकास मन्त्री थिए । उनी मनरेगा कानूनका शिल्पकार हुने ।


स्वास्थ्य नै ठूलो धन हो ।
कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं,
सङ्क्रमितहरुको उच्च मनोबल राख्न हौसला प्रदान गरौं ।
कोभिड -१९ सङ्क्रमित बिरामीहरुलाई अपहेलना नगरौं ।
बिरामीहरुको दैनिकीमा ध्यान दिऔं, उनीहरुसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं ।
कोभिड-१९ सङ्क्रमितहरुको उपचारमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरुको उच्च मनोबल कायम राख्न हौसला प्रदान गरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## तेन्जिङ नोर्गेलाई 'भारत रत्न'बाट सम्मान गर्न माग

काठमाडौं । भारतीय लोकसभाका सांसद राजु बिष्टले सगरमाथा आरोही तेन्जिङ नोर्गे शेर्पालाई 'भारत रत्न'बाट सम्मान गर्न माग गरेका छन् । पश्चिम बंगालबाट निर्वाचित सांसद बिष्टले लोकसभा बैठकमा यस्तो माग गरेका हुन् ।

नेपालीमा बोलेका बिष्टले तेन्जिङ नै 'भारत रत्न' सम्मानको सर्वाधिक योग्य भएको बताए । 'भारत वर्षले कुनै व्यक्तिलाई गर्ने सर्वोच्च नागरिक सम्मान 'भारत रत्न'का सर्वाधिक योग्य वहाँलाई अझैसम्म सम्मान गर्न सकेका छनौं', बिष्टले भने, 'म सरकारलाई स्वर्गीय तेन्जिङ नोर्गे शेर्पाज्यूलाई भारत रत्न सम्मान प्रदान गर्न अनुरोध गर्दछु ।'

उनले नेपाललगायत विश्वका थुप्रै मुलुकले शेर्पालाई सर्वोच्च सम्मान प्रदान गरेको स्मरण समेत गरेका थिए । बिष्ट भारतीय जनता पार्टीका तर्फबाट २०१९ को आम चुनावमा भारतीय लोकसभा सदस्यका लागि निर्वाचित भएका थिए ।

## जिल्ला समाचार

### प्रदेश २ मा सबैभन्दा बढी पत्रकार संक्रमित

जनकपुरधाम । नेपालमा अहिलेसम्म १०२ जना पत्रकारमा कोरोना संक्रमण पुष्टि भएको छ । सुदूरपश्चिमबाहेक बाँकी ६ प्रदेशका १०२ जना पत्रकारमा कोरोना संक्रमण पुष्टि भएको नेपाल पत्रकार महासंघले जनाएको छ । महासंघका अनुसार तीमध्ये सबैभन्दा बढी प्रदेश २ मा २८ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । प्रदेश१ मा १७, वाग्मती प्रदेशमा २६, गण्डकी प्रदेशमा १५, प्रदेश ५ मा १२ र कर्णाली प्रदेशमा चार जनामा कोरोना संक्रमण पुष्टि भएको महासंघका सचिव प्रकाश थापाले जानकारी दिए । संक्रमितमध्ये केही निको भइसकेका छन् भने केही उपचाररत अवस्थामा रहेको उहाँको भनाइ छ । कार्यस्थलमा गई खटिने पत्रकार, फोटो पत्रकारमा बढी संक्रमण देखिएको छ । महासङ्घका महासचिव रमेश विष्टले संक्रमित भएर आइसोलेशनमा बस्दा पनि पत्रकारले कामलाई भने निरन्तरता दिएको बताए । महासंघले महामारीको विषम परिस्थितिमा आफ्नो पेशागत धर्म निर्वाहका क्रममा संवेदनशील भई पूर्वसतर्कताका साथ सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपाय अवलम्बन गरेर काम गर्न सबैमा अनुरोध गरेको छ ।

### सिरहामा १० गतेसम्म निषेधाज्ञा रहने निर्णय

सिरहा । सिरहा जिल्लामा असोज १० गतेसम्मका लागि निषेधाज्ञा लम्ब्याइएको छ । जिल्ला प्रशासन कार्यालयले कोरोना नियन्त्रण तथा रोकथामका लागि असोज १० गतेसम्म निषेधाज्ञा थप गरिएको जनाएको छ । जिल्लामा कोभिड १९ संक्रमणको जोखिम कायमै रहेकोले निषेधाज्ञा थपिएको हो । जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा पालनाका लागि जिल्लाका १७ वटै स्थानीय तह, राजनीतिक क्षेत्र, उद्योग वाणिज्य संघरसंस्था तथा सामाजिक संघरसंस्थालाई अनुरोध गरेको छ । प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा यस अघिको भन्दा निषेधाज्ञा केही खुकुलो पारिएको छ । हाटबजार, विद्यालय, सभा, जुलुस, जिमखाना, सभागोष्ठी जस्ता मानिस भिडभाड हुने खालका कार्यमा बन्देज लागाएको भए पनि निजी तथा भाडाका जिप, कार, भ्यानजस्ता सवारी साधनमा अनिवार्य रुपमा मास्क लगाई दूरी कायम गरी यात्रा गर्न पाइनेछ । यसअघि चारपांग्रे, अतिआवश्यक खाद्यान्न, औषधि, इन्धन, दूध लगायतका सवारी साधन चलेको भए पनि निजी सवारी साधन सञ्चालनमा रोक लगाइएको थियो । यस पटक भने सार्वजनिक सवारी साधनले पनि सुरक्षा सतर्कता अपनाएर जिल्लाभरी चलाउन पाउने भएका छन् ।

### वीरगञ्जमा पत्रकार सम्मानित

पर्सा । वीरगन्ज क्षेत्रमा रहेर निष्पक्ष पत्रकारिता गरिरहेका पर्साका २४ जना पत्रकारलाई सम्मान गरिएको छ । पत्रकारहरुको हौसला बढाउन सम्मान गरिएको भाइजान्स् अफ वीरगन्जले जनाएको छ । भाइजान्स अफ वीरगन्ज ( बिओबी ) नामक संस्था स्थानीय स्तरमा सामाजिक कार्यमा सक्रिय छ । नेपाल पत्रकार महासंघ प्रदेश नम्बर २ का अध्यक्ष दीपेन्द्र चौहान, उपाध्यक्ष केसी लामिछाने, पर्सा अध्यक्ष श्याम बन्जारासहित थाहाखबरका तुलसी भण्डारी, बिबिसी नेपालीकी माधुरी महतो, अंकुश दैनिकका सन्तोष रंजितकार, एभी न्युज टिभीका राजन रौनियार, न्युज २४ का जाकिर हुसेन, न्यूज प्वान्टका मन्सुर खान र रेडियो वीरगन्जकी विमला गुप्ता र पर्सा पोस्ट साप्ताहिकका अजित भुजेललगायतलाई सम्मान गरिएको हो ।

### शुद्धोधन गाउपालिकामा राहत वितरण

कपिलवस्तु । इस्लामिक संघ नेपालले कपिलवस्तुको शुद्धोधन गाँउपालिकाको महादेव गाँउमा राहत वितरण गरेको छ । कोभिड १९ तथा कोरोना भाइरसबाट बच्नका लागि लामो समय देखी जारी लकडाउनको मारमा रहेका महादेव गाँउका नागरिकहरुलाई राहत वितरण गरिएको हो । महादेव गाँउका ४० जना नागरिकहरुलाई शुद्धोधन गाँउपालिकाका प्रमुख निसार अहमद खाँले राहत वितरण गरेका हुन् । राहत वितरण गर्दै गाँउपालिका अध्यक्ष खाँले इस्लामिक संघ नेपाललाई धन्याबाद समेत दिए । राहत वितरण कार्यक्रममा इस्लामीक संघ नेपालका सचिव मोहम्मद अनवारुल हकले गरिब घर पहिचान गरी राहतको अवस्यकता रहेका नागरिकलाई क्षनोट गरी राहत वितरण गरीएको बताए ।

### दीनदुखीको सारथी बन्दै 'घरघरमा हामी'

रुपन्देही । एउटा सानो खिया लागेको टिनको होचो एककोठे घर, बर्खामासमा चुहिने, एउटा पुरानो खाट, केहि रित्ता भाडाहरु, पुरानो ग्यासचुल्हो, चामल राख्ने रित्तो ढोल, २ कलिला सन्तान लिएर पिढीको चोटामा उभिएकी तिलोत्तमा-१२, प्रगतीनगर निवासी ४२ बर्षिय शान्ता नेउपाने । प्यारालाईसिस रोगका कारण राम्रोसँग हिड्न नसक्ने उनि २ कलिला सन्तानलाई भरणपोषण गरिरहेकी छन् । कहिलेकाही वडाले बाडेको राहात, कहिले छिमेकीले दिएको अन्न, त कहिले १४ बर्षिय छोराले काम गरेर ल्याएको खाद्यान्नले कहिले पेट भरी त कहिले आधा पेट खाने उनलाई 'घरघरमा हामी' अभियानले राहात लिएर घरमै पुगेपछि भगवान् आएजस्तै भयो । घरमा पुगेर लत्ताकपडा देखि चामल, दाल, नुन, तेल, आलु, साबुन देखि भान्सामा प्रयोग हुने २ महिनालाई पुग्ने गरि खाद्यान्नसहित कपडा, मास्क, सेनिटाईजर लिएर सामाजिक सेवामा सक्रिय अभियान "घरघरमा हामी" उहाँकै घरमा पुगेर सामान हस्तान्तरण गरेको छ । पछिल्लो समय सामाजिक संजालबाट सुरुवात गरिएको घरघरमा हामी अभियानले सो राहत उहाँको घरमै लगेर हस्तान्तरण गरेको हो । 'स्थानीय साथिहरुले उहाँको दयनीय अवस्थाका बारेमा जानकारी गराएपछि हामीले केही गर्न सक्छौं भन्ने लागेर हामीसग संचालित खाद्य भण्डार मा केही कुराहरू थपेर लगेर दियौं, आमा निकै खुसी हुनुभयो ।' अभियानका संयोजक तथा ग्रुपको निर्माता शिव डुम्रेले भन्नुभयो । अभियानले केही दिन अगाडी यस्तै दयनीय अवस्थामा रहेका काठमाडौमा बस्ने विक्रम तामाङलाई पनि यसैगरी सहयोग गरेको थियो । 'हामीले चोटमा मल्हम लगाईदिने हो, उहाँहरुलाई जति सक्छौ त्यत्ति दिने हो तर हाम्रो माध्यमबाट अरुले पनि दिन सक्नुहुन्छ' डुम्रेले भन्नुभयो "अबस्था बुझेर हामीले सक्दो दिने गरेका छौं, अन्यत्रबाट पनि जानकारी आएका छन्, बुझ्दै आवस्यकता बमोजिम सहयोग गर्छौ ।" ४ बर्षअघि श्रीमानको निधन भएलगत्तै विरामी भएकी शान्ता बाहिर हिडडुल गर्ने र काम गर्न सक्दिनन, केही काम गरेर दैनिक जीवन गुहार्न पनि उनको स्वास्थ खराब छ, अरुले पनि सक्दो सहयोग गरेर छोरालाइ काममा लगाउन सके केही राहात पुग्ने आशा शान्ताले गरेकी छन । राहात वितरणका लागी घरमा पुगेको घरघरमा हामीले उनको लागि औषधि र छोरीको पढाईको लागीसमेत सहयोग गर्न प्रतिबद्धता जनाएको छ ।

### धनुषामा दुई सिटमा पसल खोल्न पाइने

जनकपुरधाम । कोरोना भाइरस (कोभिड-१९) संक्रमणको जोखिम कायमै रहेको भन्दै धनुषामा जारी रहेको निषेधाज्ञालाई निरन्तरता दिइएको छ । जिल्ला संकट व्यवस्थापन केन्द्र धनुषाको सिफारिसमा जिल्ला सुरक्षा समितिको बसेको बैठकले आगामी असोज ४ गतेसम्म निषेधाज्ञालाई निरन्तरता दिने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले जानकारी दिए । निषेधाज्ञालाई निरन्तरता दिने निर्णय गरेको प्रशासनले किराना, फलफुल र तरकारी पसलहरु बिहान ११ बजेसम्म र साँझ ५ बजेदेखि राति ८ बजेसम्म स्वास्थ्य सम्बन्धी मापदण्ड परिपालना गर्नेगरी संचालन गर्न दिने निर्णय गरेको छ । यस्तै, निषेधितबाहेक अन्य पसलहरु ११ बजेदेखि साँझ ६ बजेसम्म सञ्चालन गर्न सकिने प्रमुख जिल्ला अधिकारी भट्टराईले बताए । जिल्लाभित्र सबै प्रकारका निजी सवारी साधनहरु जोरबिजोर प्रणालीमा सञ्चालन गर्न दिइने निर्णय पनि गरेको छ । जिल्लामा शैक्षिक संस्था, अनुमति प्राप्तबाहेकका आन्तरिक उडान, सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, प्रदर्शन, भेला तथा सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, स्पा, सैलुन व्युटीपार्लर खोल्न निषेध गरिएको छ ।

### दलित हत्या बन्द गर्न माग गर्दै ज्ञापन

कपिलवस्तु । प्रदेश नम्बर २ मा भई रहेको दलितहरुको श्रृंखलाबध्य हत्यालाई बन्द गर्ने मांग राख्दै जिल्ला प्रमुख अधिकारी दीर्घ नारायण पौडेल मार्फ़त प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिएका छन् । बुद्धपद्म विद्यालय देखि कपिलवस्तु जिल्ला प्रशासन कार्यालय सम्म 'सरकार न्याय देउ' इंगित ब्यानर सहित रैली निकालेर ज्ञापनपत्र बुझाइएको छ ।रौतहट जिल्लाका निरंजन राम र विजय रामको हत्यारालाई पहिचान गरि उचित सजाय दिने मांग रहेको संजय निगमले बताए । उनी थप्दै भने लकड़ाऊनको अवधिमा प्रदेश २ मा मात्र १४ जना भन्दा युवा बालबालिकाको हत्या भएको घटनाले हरेक नागरिकलाई भयभीत पारेको भन्दै न्यायको अपील गर्दै ज्ञापन पत्र बुझाएको बताए । दलितहरूको हत्यामा निरन्तरता रहेको कारणले दलित समाजलाई मर्माहत पारेको उनले भने । निरंजन राम विजय राम राजू सदा लगायत युवा युवती हरूको हत्या बारे न्याय मागदै रौतहट पर्सा धनुषा मा दलित अगुवाहरुले क्रमबद्ध रुपमा आंदोलनरत छन तर सरकार र प्रशासन भने अहिले मौन नै छ ।

# सीमाक्षेत्रमा भारतको स्थल तथा वायु गस्ती

काठमाडौं । भारतले अतिक्रमण गरेको नेपालका लिम्पियाधुरा, लिपुलेक तथा कालापानी र त्यसवरपरका क्षेत्रमा स्थल तथा वायु सेनाको उपस्थितिलाई अझै बढाउनका लागि तयारी तीव्र पारेको छ । भारतले सो क्षेत्रमा आफ्नो उपस्थिति सशक्त पार्ने योजनाका साथ नेपालसँग सीमा जोडिएको पिथौरागढसहित तीन जिल्लामा एयर डिफेन्स (हवाई प्रतिरक्षा) राडार स्थापना गर्न लागेको हो ।
भारतीय सञ्चार माध्यमहरुले नेपाल र चीनसँग तनाव बढ्दै गएको अवस्थालाई मध्यनजर गर्दै त्यहाँको सरकारले अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा पूर्वाधारलाई सशक्तिकरण गर्न लागेको जनाएका छन् ।
'राज्य सरकारले स्थल सेना र वायु सेनालाई यी पहाडी राज्य (उत्तराखण्ड)को सञ्चालन कार्यमा सहयोग पुग्ने गरी महत्वपूर्ण निर्णयहरु लिएको छ,' इन्डियन एक्सप्रेसले लेखेको छ । १३ जिल्ला रहेको उत्तराखण्डका पिथौरागढ, उदिमसिंह नगर र चम्पावतको सीमा नेपालसँग जोडिन्छ ।
त्यसैगरी थप दुई राडारहरु चीनसँग सीमा जोडिएको चमोली र उत्तरकाशीमा राख्ने योजना बनाइएको छ । पिथौरागढले नेपाल र चीन दुवैको सीमा छुन्छ ।
नेपाल र भारतको उत्तराखण्डबीच २ सय ७५ किलोमिटर लामो सीमा जोडिएको छ ।
इन्डियन एक्सप्रेसकाअनुसार उत्तरखण्ड राज्य सरकारले वायु प्रतिरक्षा राडार मात्रै नभएर एन्डभान्स्ड ल्यान्डिङ ग्राउन्डका लागि भारतीय वायु सेनालाई जमिन उपलब्ध गराउने भएको छ । यसैबीच, उत्तराखण्ड राज्य सरकारले नेपाल र चीनसँग सीमा जोडिएको गाउँमा दूरसञ्चार टावर निर्माण गर्ने कम्पनीहरुलाई ४० लाख भारतीय रुपैया अनुदान दिने जनाएको छ । राज्य सरकारले मोवाइल र इन्टरनेटको सुविधा नपुगेका सीमा क्षेत्रस्थित ४ सय ३८ वटा गाउँमा यस्तो अनुदान दिन लागेको हो । त्यसका लागि राज्य सरकारले दूरसञ्चार कानुन समेत संशोधन गरेको छ ।

# जम्मु काश्मिरमा गैरमुस्लिमहरुले कसरी सहेका थिए भेदभाव ?

काठमाडौं । जम्मु काश्मिरको व्यवस्थापिकाले स्थायी बासिन्दा भनेर परिभाषित गरेका व्यक्तिहरुले सन् १९४७ मा पाकिस्तानबाट आएका हिन्दू र सिखविरुद्धका गतिविधिहरु गर्थे । अर्कोतर्फ, उनीहरुले मुस्लिम समुदायलाई सघाइरहेका थिए जसले पाकिस्तानलाई छनोट गरेर पाकिस्तान गएका थिए ।
मुस्लिमहरुलाई सक्षम बनाउने र गैर मुस्लिमलाई असक्षम पार्ने कार्य क्रमशः राज्य सरकारहरूको निहित स्वार्थमा गरिएको थियो ।
जम्मु काश्मिर संविधानको भाग तीनको सेक्सन ६ देखि १० अन्तर्गतका कानुनहरू बमोजिम मुस्लिमहरूलाई पाकिस्तानबाट फर्केर पीआरएसको दर्जा दिने व्यवस्था गरिएको थियो । केही अन्य प्रावधानले पीआर प्राप्त गर्न पाकिस्तानबाट आउने गैर(मुस्लिमलाई अयोग्य ठहऱ्याइयो ।
पीआरको परिभाषा पाकिस्तान गएका ती मुस्लिमहरुलाई स्वागत गर्न थियो । ती व्यक्ति जसले पाकिस्तानलाई सुरुमा आफ्नो राष्ट्र छनोट गरेका थिए र भारतलाई नभई पाकिस्तानलाई प्राथमिकतामा राखेका थिए ।
विडम्बनाको कुरा के हो भने ती गैरमुस्लिमले, जसले पाकिस्तानलाई नरोजी भारतलाई छनोट गरेका थिए र जम्मुमा बसोबास गर्दै आएका थिए, उनीहरुलाई पीआर लिनबाट प्रतिबन्धित गरिएको थियो ।
जसअनुसार प्रत्येक व्यक्ति जो भारतको संविधानको प्रावधान अन्तर्गत भारतको नागरिक हो वा मानिएको छ । यदि मे १९५४ को चौधौं दिनमा भारतमा आएको रहेछ भने त्यो व्यक्ति राज्यको स्थायी बासिन्दा हुने जनाइएको छ ।
मुसलमान र गैर(मुस्लिमका लागि विभिन्न कट अप मिति र सर्तहरूको बारेमा कुनै उल्लेख छैन । तर, जम्मु काश्मीरमा मुस्लिमहरुले गैरमुस्लिममाथि विभेद कायमै राखेका छन् ।
मे २०२० मा ल्याइएका नयाँ स्थायी बसोबास प्रमाणपत्रसम्बन्धी कानूनले जम्मू(कश्मीर राज्यलाई दुई संघ शासित प्रदेश (यूटी) मा पुनर्गठन गरेको लगभग नौ महिना पछि सबैको सम्मान गरेको बताइएको छ । जुनसुकै धर्म वा वर्ग र लिंगको भए पनि उसलाई स्थायी बसोबासको प्रमाणपत्र उपलब्ध गराउने र आवश्यक प्रक्रिया पूरा गरेर नागरिकता दिने प्रावधान गरिएको छ ।
मुसलमान र गैरमुस्लिमका लागि विभेदका लागि लगाइएका शर्तहरु खारेज गरिएका छन् । १५ वर्षदेखि जम्मु काश्मीरमा रहेका हरेक परिवारलाई स्थायी बसोबासको प्रमाणपत्र उपलब्ध गराइने व्यवस्था गरिएको छ । विभिन्न समुदाय र विभिन्न धर्मका अनुयायीहरूका लागि विभिन्न प्रकारको विभेद गरिँदै आएको थियो । तर, ५ अगस्त, २०१९ पछि सबैलाई समान सम्मान र आत्मसम्मानको अधिकार दिइएको छ । कसैको पक्ष अथवा विपक्षमा कुनै पनि कानुन बनाइएका छैनन् । यस्ता कानुनहरुलाई खारेज गरिएको छ । सबै भारतीय नागरिकहरू वास्तवमा बराबर छन् र जहाँसम्म अधिवासको अधिग्रहण जान्छ उही समानतामा खडा छन् ।






# प्रधानमन्त्री ओलीले दिए भारतीय समकक्षीको जन्मदिनको शुभकामना

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय समकक्षी नरेन्द्र मोदीलाई जन्मदिनको शुभकामना दिएका छन् । सामाजिक सञ्जाल ट्विटरमार्फत ओलीले मोदीको जन्मदिनमा शुभकामना दिएका हुन् । उनले शुभकामनामा मोदीको सुस्वास्थ्य र खुशीको कामना गरेका छन् । त्यस्तै, प्रधानमन्त्री ओलीले आगामी दिनमा द्विपक्षीय सम्बन्ध सुदृढ र मजबुद बनाउनको लागि पनि निरन्तर समनिकट भएर काम गर्ने पनि विश्वास दिलाएका छन् । भारतमा प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालसँगको सम्बन्धलाई थप बलियो सुदृढ बनाउने जनाएका छन् । प्रधानमन्त्री केपी शर्माओलीलाई सम्बोधन गर्दै ट्वीटरमा उनले लेखेका छन्, 'धन्यवाद, केपी शर्मा ओलीजी, हामी नेपाल-भारत सम्बन्धलाई हाम्रो साझा संस्कृति र इतिहासमा आधारित रहेर थप सुदुढ बनाउनेबारे सोच्दैछौं ।'
यसअघि प्रधानमन्त्री ओलीले मोदीलाई ट्वीटमारर्फत जन्मदिनको शुभकामना दिदैं दुई देशबीच सम्बन्ध सुदृढ बनाउनेगरी नजिक भएर काम गर्ने बताएका थिए । 'प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीलाई जन्मदिनको शुभकामना । म तपाईको स्वास्थलाभ र खुसीको कामना गर्दछु । दुई देशबीचको सम्बन्ध बलियो बनाउन हामी निकट भएर निरन्तर काम गर्नेछौं,' ट्वीटमा ओलीले लेखेका थिए । भारतीय प्रधानमन्त्री मोदीको ७१ औं जन्मदिन हो । १९५० मा गुजरातमा उनको जन्म भएको थियो । ८ वर्षको उमेरदेखि नै भारतको हिन्दुवादी संगठन (आरएसएस) राष्ट्रिय स्वयंम्सेवक संघमा आबद्ध मोदी १९८५ मा संगठनकै निर्देशनमा भारतीय जनता पार्टी (भाजपा) को जिम्मेवारीमा खटिएका थिए । २००१ मा भाजपाको महासचिव हुनअघि उनले विभिन्न जिम्मेवारी निभाए ।
२००१ मा मोदी गुजरातको मुख्यमन्त्री बने । त्यसपछि उनले २०१४ सम्म यो जिम्मेवारी निर्वाह गरे । २०१४ को लोकसभा निर्वाचनमा भाजपाले बहुमत ल्याएपछि मोदी पहिलो कार्यकालका लागि प्रधानमन्त्री चुनिएका थिए । २०१९ मा भएको निर्वाचनबाट उनी दोस्रो कार्यकालका लागि प्रधानमन्त्री चुनिएका छन् । आधुनिक भारतका शक्तिशाली व्यक्तिहरुमध्ये मोदी एक मानिन्छन् ।

# कोभिड-१९ विरुद्ध लड्न भारत सरकारले दियो दुई हजार भाइल रेमडेसिभिर

काठमाडौं । कोरोना भाइरस (कोभिड-१९) विरुद्ध लड्न नेपाल सरकारलाई छिमेकी मित्रराष्ट्र भारत सरकारले दुई हजार भाइल रेमडेसिभिर उपहारस्वरुप प्रदान गरेको छ । भारत सरकारको तर्फबाट भारतीय राजदूत विनय मोहन क्वात्राले परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीलाई मंगलबार दुई हजार भाइल रेमडेसिभिर औषधी हस्तान्तरण गरेका छन् ।
कोभिड-१९ को विश्वव्यापी महामारीले निम्त्याएको चुनौती सामना गर्न भारत सरकारले नेपाललाई गरिरहेको सहयोग अनुरुप उक्त औषधी हस्तान्तरण गरिएको दूतावासले जनाएको छ । यसअघि वैशाख १० गते प्यारासिटामोल, हाइड्रोक्लोरोक्विन लगायतका अत्यावश्यक औषधी, जेष्ठ ४ गते कोभिड-१९ टेष्ट कीट (आरटी-पीसीआर) र श्रावण २५ गते आइसीयू भेन्टिलेटर जस्ता स्वास्थ्य सामग्री भारतले नेपाललाई सहयोग स्वरुप प्रदान गरिसकेको छ । निकटतम् मित्र तथा छिमेकीको हैसियतले यस महामारी विरुद्धको लडाईमा भारत नेपाल सरकार र नेपालीको साथमा रहेको जनाएको छ । अक्सिजन थेरापीमा रहेका मध्यमदेखि गम्भीर प्रकृतिका बिरामीहरुको उपचारमा प्रयोग गरिने रेमडेसिभिर एक प्रभावकारी औषधी हो । चिकित्सा अध्ययनका अनुसार यो औषधीको प्रयोगले बिरामीहरुको अस्पताल बसाई अवधि र रोगबाट निको हुने समयलाई कम गर्न उल्लेखनीय रुपमा सघाउ पुर्याउँछ ।

# पूर्वराजा शाहद्वारा दुःख व्यक्त

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश अनिरुद्ध प्रसाद सिंहको निधनप्रति दुःख व्यक्त गरेका छन् । पूर्वराजा शाहले बिहीबार सम्वेदना सन्देश जारी गर्दै दिवंगत सिंहको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा समवेदना प्रकट गरेका हुन । सिंहको १०४ वर्षको उमेर मंगलबार बत्तीसपुतलीस्थित आफ्नै निवासमा निधन थियो ।
२०१३ साल जेठ ८ गते सर्वोच्च अदालतको स्थापना भएपछि उनी त्यहाँको पहिलो प्रधानन्यायाधीशका रुपमा तीन वर्ष न्यायपालिकाको नेतृत्व गरेका थिए । उनी भन्दा अघि प्रधान न्यायालय हुँदा हरिप्रसाद प्रधान सो अदालतका प्रमुख न्यायाधीश थिए । सर्वोच्च अदालतमा उनी सिंहपछि प्रधानन्यायाधीशको जिम्मेवारीमा आएका थिए ।

# मधेशी...

छ । अझै ३३ जना जेलमै छन् । संविधान संशोधनको माग थाती राखी राजपा र तत्कालीन फोरम स्थानीय, प्रदेश र प्रतिनिधि सभा निर्वाचनमा होमिए । संविधान संशोधन गर्ने सर्तमा तत्कालीन फोरम २ बुँदे सहमति गरी सरकारमा सहभागी भयो । तात्कालीन राजपाले पनि संशोधनको आश्वासन पाएपछि समर्थन जनाएको थियो ।

मधेशस दलहरु संविधान संशोधनका लागि न बलियो दबाब दिन सकेका छन् न त विरोधका बलियो कार्यक्रम नै अघि सार्न सकेका छन् । न त जनताको दैनिक जीवनसँग जोडिएका मुद्दालाई सम्बोधन गर्न नै सकेका छन् । सबै दलले जानेको एउटै कुरा भने - पाएसम्म पद लिने, नपाए संविधानको विरोध गरिरहने ।

उनीहरुले संविधान संशोधनको मागलाई सत्ताको भऱ्याङ नै बनाएको आरोप पनि लाग्ने गरेको छ । सत्ता बार्गेनिङका लागि संविधान संशोधन र अपूर्णताको कुरा गर्ने र सत्तामा पुगेपछि त्यसबारेमा आवाज नउठाउने र उठाउन नखोज्ने प्रवृत्ति मधेशी दलमा देखिएको छ । जब मधेसी दल सत्तामा पुग्छन् तब मधेशका एजेन्डा विर्सन थाल्छन् । मधेशी दलले सत्ता पुगेर विर्सिए पनि मधेशी जनताको संविधानप्रति असहमति हिजो पनि थियो र आज पनि छ ।

## आर्थिक समाचार

# हुन्डाई फेष्टिभ डिलाइट २०७६ का बम्पर विजेतालाई साँचो हस्तान्तरण

काठमाडौं । हुन्डाई अटोमोबाइल्सको नेपालका लागि एक मात्र आधिकारिक बिक्रेता लक्ष्मी इन्टर कन्टिनेन्टल प्रा.लि.ले एक कार्यक्रमबिच हुण्डाई फेष्टिभ डिलाइट २०७६ का बम्पर विजेताहरुलाई पुरस्कृत गरेको छ । हुन्डाईले कार्यक्रममा विजयीहरुः **नागेश्वर प्रसाद शाह** (कुपन नं.१२७२) लाई भेन्यु एस तथा **शालिकराम अधिकारी** (**कुपन नं. ३२९**) लाई सेन्ट्रो मग्ना हस्तान्तरण गरेको छ । लक्की ड्र को विजेताहरुको छनौट २९ जुन, २०२० मा हिमालय टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेको थियो । बम्पर लक्की ड्र को विजेताहरुका साथै दुबई भ्रमण जित्ने १० भाग्यशाली विजेताहरुको छनौट कार्यक्रमका मुख्य अतिथि कञ्जुमर आई नेपालकी अध्यक्ष विमला खनालले गरेकी थिइन् । १० भाग्यशाली विजेताहरु भरत सिंह पौडेल (कुपन नं. : ३९७), चन्द्र मणी पौडेल (कुपन नं. : २७५), श्रीजेश घिमिरे (कुपन नं. : ९९६), महेश्वर लाल सिंह (कुपन नं. : ९९९), कृष्ण प्रकाश पौडेल शर्मा (कुपन नं. : ९४४), राजु शाह (कुपन नं. : ७६), दल बहादुर बि. क.(कुपन नं. : ७४४), बिजय अग्रवाल, गणेश हार्डवेर (कुपन नं. : ७१६), एन. आइ. सि. एसिया बैंक लि. निर्भीक सापकोटा (कुपन नं. : ११५८), र खातु इन्टर्न्याश्नल प्रा. लि. (कुपन नं. : ३५)ले दुबई भ्रमण जितेका छन् । हुण्डाई फेष्टिभ डिलाइट २०७६ अन्तर्गत हुन्डाईका भाग्यशाली खरिदकर्ताहरुले एक थान सेन्ट्रो मग्ना, एक थान भेन्यु एस, १० जोडीलाई दुबई भ्रमणसहित स्काच कार्ड मार्फत नगद छुट पनि प्राप्त गरेका थिए । सम्पूर्ण विजेताहरुलाई बधाई दिदै लक्ष्मी समूहका अध्यक्ष गणेश बहादुर श्रेष्ठले हुण्डाईलाई नेपालकै सर्वोत्कृष्ट ब्राण्ड बनाउन सहयोग गर्नुहुने आफ्ना सम्पूर्ण ग्राहकहरुप्रति आभार व्यक्त गरे । सबै हुन्डाईका गाडीहरुमा ३ वर्ष वारेन्टी, ४ वर्ष फ्रि सर्भिसिङका साथै निःशुल्क सवारी कर भुक्तानी सहित उपलब्ध छन् । लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि.ले नेपालभरि १३ शोरुमहरु तथा १७ सर्भिस सेन्टरहरु मार्फत ग्राहकहरुलाई सेवा प्रदान गरिरहेको छ । हुण्डाई मोटर कम्पनी विश्वकै ५ ठूला अटोमोबाइल उत्पादकमध्येमा पर्दछ । यस कम्पनीका उत्कृष्ट उत्पादनहरुले विश्वभरि करोडौं ग्राहकहरुको मन तथा विश्वास जित्न सफल भएको छ ।

# ग्लोबल आईएमईको नयाँ एक्सटेन्सन काउन्टर

काठमाडौं । ग्लोबल आईएमई बैंकले बाग्लुङको बलेवामा नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । बाग्लुङ नगरपालिका-१४, बलेवा-नारायणस्थानमा एक्सटेन्सन काउन्टरको उद्घाटनसँगै बैंकका एक्सटेन्सन काउन्टरहरुको संख्या ४३ पुगेको छ । एक्सटेन्सन काउन्टरको उद्घाटन बाग्लुङ क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य डा. सूर्य पाठकले गरे । सेवाग्राहीको बढ्दो चाप र विस्तारित बैंकिङ सेवाको आवश्कतालाई मध्यनजर गर्दै बैंकले उक्त स्थानमा नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको हो । उक्त बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउने उद्देश्यले ७१ वटा जिल्लामा फैलिएको २५९ शाखासहित २३४ एटिएम, ४३ एक्सटेन्सन काउण्टर तथा राजस्व संकलन काउण्टर, २१९ शाखारहित बैंकिङ सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि सर्म्पक कार्यालयमार्फत आफ्ना २० लाख भन्दा बढी ग्राहकहरु माझ सेवा प्रदान गर्दै आाएको जनाएको छ ।

# क्लिनफिड नीति कार्यान्वयन छ महिना स्थगित गर्न इन्डियन ब्रोडकास्टिङ फाउन्डेसनको पत्र

काठमाडौं । भारतीय टेलिभिजन च्यानल प्रसारण संस्था इन्डियन ब्रोडकास्टिङ फाउन्डेसन (आईबीएफ)ले नेपाल सरकारलाई पत्र पठाउँदै क्लिनफिड नीति कार्यान्वयन छ महिना स्थगित गर्न आग्रह गरेको छ । आईबीएफले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव हरिप्रसाद बस्याललाई पत्र लेख्दै वर्तमान महामारीको कारण उक्त नीति कार्यान्वयन छ महिना स्थगित गर्न आग्रह गरेको हो ।
'नेपाल सरकारको विज्ञापन (नियमन) ऐन २०७६ अनुसार हामीले बुझेअनुसार अक्टोबर २६ (कात्तिक १०) देखि यो नीति कार्यान्वयनमा आउनेछ', उसले पत्रमा भनेको छ, 'अहिले महामारीले विश्व नै आक्रान्त भइरहँदा भारत र नेपालमा पनि यसको व्यापक प्रभाव परेको छ, लकडाउनका कारण यसअघि छुट्याइएको छ महिना बितिसकेको छ। यस्तो अवस्थामा यो नीति कार्यान्वयन छ महिना स्थगित गर्न आग्रह गर्छौं ।' पूर्ण वा आंशिक लकडाउनका कारण आफ्ना सदस्यहरु बाहिर निस्किन समेत नपाएको र यस्तो अवस्थामा प्राविधिक परीक्षणलगायतमा चुनौती देखिएकाले उक्त अवधिसम्म नीति कार्यान्वयन स्थगित गर्न आईबीएफले आग्रह गरेको छ । आईबीएफका राधाकृष्णनले लेखेको पत्रमा कोरोना महामारीका कारण सिर्जित अवस्था सामान्य भएपछिको छ महिनासम्म क्लिनफिड नीति कार्यान्वयन स्थगित गर्नुपर्ने अनुरोध गरिएको छ ।

# भारतमा विद्यालय खुल्ने

नयाँदिल्ली । कोरोना (कोभिड- १९) महामारीका कारण भारतमा करिब ६ महिनादेखि बन्द रहेका विद्यालय खोल्ने तयारी गरेका छन् । भारतले २१ सेप्टेम्बरबाट चरणबद्ध रूपमा विद्यालय खोल्ने तयारी गरेका हुन् ।
भारतले भने तत्काललाई कक्षा नौदेखि १२ सम्मको पढाइका लागि मात्रै विद्यालय खोल्न अनुमति दिइएको जनाएको छ । भारत सरकारले कक्षा नौदेखि १२ सम्मको पढाइका लागि विद्यालय खोल्न अनुमति दिने निर्णय गरे पनि पढाइका लागि विद्यालय जाने निर्णय विद्यार्थी र अभिभावकमा भर पर्ने उल्लेख छ । भारतको इन्डिटिभीले जनाएअनुसार अभिभावकले लिखित अनुमति दिएपछि मात्रै विद्यार्थी पढाइका लागि विद्यालय आउन पाउनेछन् ।
विद्यालय र विद्यार्थीले सरकारले तय गरेको सुरक्षा उपाय पनि गम्भीरताका साथ पालना गर्नुपर्ने भारत सरकारले जनाएको छ । त्यसका लागि भारतको शिक्षा मन्त्रालयले विद्यालय र विद्यार्थीले पालना गर्नुपर्ने सुरक्षा उपाय तय गरेको छ । जसअनुसार कक्षाकोठामा विद्यार्थीलाई ६ फिटको दूरीमा राख्नुपर्नेछ । मास्क र प्रत्येक २० मिनेटको अन्तरमा ह्यान्ड 'स्यानिटाइजर' प्रयोग गर्नु अनिवार्य गरिएको छ । यस्तै, खोक्दा मुख छोप्नुपर्ने, थुक्न नपाइनेजस्ता नियम लागू गरिएको छ । नौ कक्षाभन्दा तलको पढाइ भने अनलाइनबाटै गर्न निर्देशन दिएको छ ।
भारतमा गत मार्चदेखि नै विद्यालय बन्द गरिएको थियो । कोभिड- १९ महामारीका कारण भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गत २५ मार्चमा लकडाउनको घोषणा गर्नु दुई दिनअघिबाटै देशभरका शैक्षिक संस्था बन्द भएका थिए । सरकारले कक्षा नौ र १२ को पढाइका लागि विद्यालयसँगै ट्युसन सेन्टर पनि सुरक्षाका उपायसहित सञ्चालन गर्न अनुमति दिएको छ ।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **डा.राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं